# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३३३ | काठमाडौं | बिहीबार, १९ चैत २०८२ | Prabhab National Daily | Thursday, 02 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## संसद् अधिवेशन आजदेखि सुरू हुँदै

**काठमाडौं (प्रस)**– गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछिको पहिलो अधिवेशन आजदेखि सुरु हुँदै छ । राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा संघीय संसद्को दुवै सदनको अधिवेशन आज दिउँसो २:०० बजेका लागि आह्वान गरेका छन् । प्रतिनिधिसभाको उक्त अधिवेशन सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा र राष्ट्रिय सभाको बैठक संघीय सचिवालयस्थित पुरानो भवनमा बस्ने छ ।

क्रमशः पृष्ठ २ मा

## एसइई परीक्षा आजदेखि

**भक्तपुर (प्रस)**– यस वर्षको माध्यमिक शिक्षा (एसइई) परीक्षा आजदेखि सुरु हुँदै छ । राष्ट्रिय परीक्षा बोर्डले जापानको एक परीक्षा केन्द्रसहित देशभरका एक हजार ९६६ परीक्षा केन्द्रमा आज बिहान ८ बजेदेखि एकैसाथ सुरु गर्नेगरी एसइई परीक्षाको तयारी पूरा भएको कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले बुधबार जानकारी दिए । उनले भने, 'परीक्षाको सबै तयारी पूरा गरेका छौं, सबै जिल्लामा सहज र शान्तिपूर्णरूपमा परीक्षा हुनेमा ढुक्क छौं, विद्यार्थीलाई ढुक्क भएर परीक्षामा सहभागी हुन आह्वान गर्दछौं ।'

क्रमशः पृष्ठ २ मा

### भूलसुधार सम्बन्धमा

मिति २०८२ चैत १८ गते प्रकाशित **प्रभाव दैनिक** (वर्ष १२, अंक ३३२) को प्रथम पृष्ठमा प्रकाशन बार 'बुधबार' हुनुपर्नेमा प्राविधिक त्रुटिका कारण अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ । यसबाट आम पाठक वर्ग, विज्ञापनदाता तथा अन्य सरोकारवालाहरूमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं । -सं

उत्कर्षमा कांग्रेस विवाद

## देउवापक्षले गगनलाई सभापति नमान्ने, गगनपक्षले खड्कालाई गरायो सचेत





निर्वाचन आयोगले विशेष महाधिवेशन पक्षधरलाई मान्यता दियो, त्यो अवैध हो, गैरकानुनी हो र राजनीतिकरूपमा उपयुक्त होइन भनेर हामी सर्वोच्च अदालतमा मुद्दा दिएका छौं ।

■ **विमलेन्द्र निधि**
नेता, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– नेपाली कांग्रेस आधिकारिकता विवादमा फसेको छ । पूर्वसंस्थापन पक्षले पार्टीको आधिकारिकता विवादमा सर्वोच्च अदालतको फैसला नआएसम्म गगन थापालाई सभापति मान्न नसकिने ठहर गरेको छ ।

पूर्वउपसभापति पूर्णबहादुर खड्काले धुम्बाराहीस्थित होटल स्मार्टमा राखेको बैठकमा सहभागी नेताहरूले सर्वोच्चको फैसला नआएसम्म गगनलाई सभापति नमान्ने बताएका हुन् । 'हामीले कांग्रेसको आधिकारिकताका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छौं । सर्वोच्चको निर्णय नआएसम्म गगनलाई सभापति मान्न सकिन्न,' पूर्वकेन्द्रीय सदस्य डा. रणबहादुर रावलले भने । कांग्रेस विवाद चर्किएपछि गत पुस मसान्तमा विशेष महाधिवेशनमार्फत गगनको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको थियो ।

क्रमशः पृष्ठ २ मा

## थापालाई नेता छान्दा एमालेमा चर्कियो विरोध

**काठमाडौं (प्रस)**– नेकपा एमालेको संसदीय दलको नेतामा रामबहादुर थापा निर्विरोध चयन भएका छन् । अर्का दाबीकर्ता सुहाङ नेम्बाङ पछाडि हटेपछि थापा निर्विरोध निर्वाचित भएका हुन् ।

समानुपातिकबाट निर्वाचित थापालाई संसदीय दलको नेता बनाउन महासचिव शंकर पोखरेलले तयारी गरेपछि यसलाई रोक्न एमाले सांसदहरू लागिपरेका थिए । अहिलेको अवस्थामा युवा उम्मेदवारलाई अघि बढाउनुपर्ने मत एमालेमा देखिएको थियो । लगत्तै सुहाङलाई संसदीय दलको नेतामा दाबी गर्न युवा नेताहरूले सुझाएका थिए ।

सुहाङको प्रस्तावकमा संखुवासभाका सांसद डा. अर्जुन कार्की र समर्थकमा धनकुटाका राजेन्द्र राईको नाम लेखेर उम्मेदवारी दिने तयारीसमेत गरेका थिए । राईले हस्ताक्षर गरे पनि कार्कीले भने मिल्नुपर्ने भन्दै पन्छिए । त्यसपछि सुहाङ सहमत हुन बाध्य भएको बताइन्छ ।

क्रमशः पृष्ठ २ मा

घरघरमै सरकारी कागजात पुऱ्याउने योजना

## हुलाक तयार, स्रोतसाधन अपुग



हाम्रा हुलाकहरू सेवाग्राहीको घरघरमा पुगेर सेवा पुऱ्याउन सक्नेगरी विकास भयो भने हाम्रो तर्फबाट खासै समस्या छैन । अरू देशमा यस्तो प्रचलन छ पनि ।

■ **तीर्थराज अर्याल**
महानिर्देशक, राहदानी विभाग



सरकारले गरेको निर्णयबमोजिम काम गर्न हामी त तयार छौं तर स्रोतसाधन जुटाइदिनुपर्छ ।

■ **मनमाया भट्टराई पंगेनी**
महानिर्देशक, हुलाक सेवा विभाग





- हुलाकमार्फत राहदानी, सवारी लाइसेन्सलगायत कागजात घरमै पुऱ्याउने सरकारको योजना
- सेवाग्राहीको झण्झट हट्ने र भीड व्यवस्थापनमा सहयोग हुने अपेक्षा
- राहदानी, यातायात विभाग र हुलाक सेवा विभाग निर्णय कार्यान्वयन गर्न तयार
- कार्यविधि र स्रोतसाधन आवश्यक, कम्तीमा ५० पिकअप सवारी भए घरमै कागजात पुऱ्याउन हुलाक सक्षम

■ **जेबी योञ्जन**

**काठमाडौं**– सरकारले स्वीकृत गरेको शासकीय सुधारका १०० कार्यसूचीमा राहदानी, सवारी चालक अनुमतिपत्रलगायत कागजातलाई हुलाक सेवामार्फत सेवाग्राहीको घरमै पुऱ्याउने विषय समेटिएको छ । त्यसो गर्दा सेवाग्राहीले सम्बन्धित राहदानी विभाग, जिल्ला प्रशासन कार्यालयहरू र यातायात व्यवस्था कार्यालयहरूमा बारम्बार धाउनुपर्ने झण्झटबाट राहत पाउने अपेक्षा गरिएको छ ।

सरकारले सेवा प्रवाहलाई सहज, छरितो र प्रविधिमैत्री बनाउने उद्देश्यसहित यस्तो व्यवस्था लागू गर्न लागेको जनाएको छ । यसबाहेक सेवाको पहुँच विस्तार, भीड व्यवस्थापन र ग्रामीण तथा दुर्गम क्षेत्रका सेवाग्राहीलाई विशेष लाभ पुग्ने सरकारी दाबी छ ।

तर, राहदानी विभाग र यातायात व्यवस्था विभाग हुलाकमार्फत उक्त सेवा सञ्चालन गर्न सक्षम छन् ? चासो यसमा छ । यसबारे राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललाई जिज्ञासा राख्दा उनले विभाग सक्षम रहेको र हुलाकले सक्ने भए आफूहरूका तर्फबाट कुनै समस्या नहुने बताए ।

उनले प्रभावसँग भने, 'हाम्रा हुलाकहरू सेवाग्राहीको घरघरमा पुगेर सेवा पुऱ्याउन सक्नेगरी विकास भयो भने हाम्रोतर्फबाट खासै समस्या छैन । अरु देशमा यस्तो प्रचलन छ पनि ।'

१३ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले शासकीय सुधारसम्बन्धी १०० वटा कार्यसूची स्वीकृत गरेकोमा कार्यसूचीको बुँदा नम्बर २७ मा राहदानी र सवारी चालक अनुमतिपत्र सेवाग्राहीको घरमै पुऱ्याउने विषय उल्लेख छ ।

त्यहाँ भनिएको छ, 'सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी गभर्मेन्ट कुरियर सर्भिसका रूपमा विकास गर्ने, जसमार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायतका सरकारी कागजातहरू/सामग्रीहरू घरमै पुऱ्याउने व्यवस्था १०० दिनभित्र लागू गर्ने ।'

हाल राहदानी विभाग र देशका जिल्ला प्रशासन कार्यालयहरूबाट राहदानी उपलब्ध हुँदै आएको छ । यातायात व्यवस्था विभागले सवारीसाधनका लाइसेन्स तयार भएपछि हाल एसएमएसमार्फत सेवाग्राहीलाई जानकारी गराउँदै आएको छ । एसएमएस पाएपछि सम्बन्धित कार्यालयमा गएर सेवाग्राहीले आफ्नो लाइसेन्स बुझ्ने गरेको विभागका सूचना अधिकारी गणेशमान राईले बताए । उनका अनुसार लाइसेन्सको डेलिभरी सेवा सुरु गर्नुअघि सरकारकोतर्फबाट केही स्पष्टता आवश्यक हुनुपर्छ ।

'सरकारले गरेको निर्णय कार्यान्वयन गर्न हामी तयार छौं तर छापिएका लाइसेन्सहरू पाएपछि होम डेलिभरीका लागि हामी छुट्याउनुपर्ने होला, थप जनशक्ति चाहिएला, हुलाक सेवा विभागसँग पनि सम्झौता गर्नुपर्ने होला, यत्ति भएपछि त भइहाल्छ,' उनले भने । विभागले प्रदेशहरूका हकमा पनि लाइसेन्स छाप्दै आएको छ । तर, कहिलेसम्म छाप्नुपर्ने भन्ने स्पष्ट हुनुपर्ने विभागका सूचना अधिकारी राईले बताए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## वैदेशिक रोजगारीमा जानेलाई नि:शुल्क अभिमुखीकरण दिने तयारी

- अभिमुखीकरण तालिमलाई पूर्णरूपमा अनलाइन प्रणालीमा लैजान श्रममन्त्री दीपककुमार साहको निर्देशन
- मन्त्रालयको निर्देशनपछि आवश्यक गृहकार्य अगाडि बढाइएको बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीको भनाइ
- वैदेशिक रोजगारीका लागि जाने सबै कामदार प्रविधिको पहुँचमा नभएकाले 'भर्चुअल तालिम' सबैका लागि प्रभावकारी नहुने व्यवसायीको दाबी

■ **ममता थापा**

**काठमाडौं**– सरकारले रोजगारीमा जाने श्रमिकलाई दिइने नि:शुल्क अभिमुखीकरण तालिम दिन गृहकार्य सुरु गरेको छ । रोजगारीमा जाने श्रमिकले लिँदै आएको पूर्वप्रस्थान अभिमुखीकरणलाई अनलाइन प्रणालीबाट सञ्चालन गर्नका लागि आवश्यक योजना बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजागर बोर्डलाई निर्देशन दिएको छ ।





सरकारले केही दिनअघि सार्वजनिक गरेको शासकीय सुधारका १०० बुँदे कार्यसूचीमा सार्वजनिक सेवालाई डिजिटल र पारदर्शी बनाउने भनेको छ । जसअनुरूप श्रममन्त्री दीपककुमार साहले अभिमुखीकरणलाई पूर्णरूपमा अनलाइन प्रणालीमा लग्न निर्देशन दिएका थिए । मन्त्रालयको निर्देशनपछि आवश्यक गृहकार्य अगाडि बढाइएको बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीले बताए ।

'पूर्वप्रस्थान अभिमुखीकरणलाई अनलाइनबाटै पढेर अनलाइनबाटै जाँच दिने अवधारणा तयार पारेर ल्याउनु भन्नुभएको छ । हामी सरोकारवालासँग छलफल गर्दै छौं,' उनले भने, 'ऐन, निर्देशिकामा गर्नुपर्ने परिवर्तन मन्त्रालयले गर्छ । हामीले प्लाटफर्म बनाउने र कोर्श कस्तो बनाउने भनेर ल्याउँछौं । मन्त्रालयले स्वीकार गरेपछि कार्यन्वयनमा आउँछ ।'

प्रक्रिया सरासर अगाडि बढेको अवस्थामा चाँडै कार्यन्वयनमा आउने उप्रेतीको भनाइ छ । 'सुशासनको १०० बुँदे अवधारणामा टेकेर काम थालिएको छ । १०० दिनभित्र गर्ने भनेपछि कुनै अवरोध आएन भने चाँडै कार्यान्वयन हुन्छ । त्यसपछि श्रमिकले तालिमको पैसा तिर्नपर्दैन,' उनले भने ।

बोर्डलाई मन्त्रालयले सहसचिव बाबुराम भण्डारीको संयोजकत्वमा तयार भएको अभिमुखीकरण तालिमको प्रभावकारिता, तालिमका बखत सिर्जित समस्या र समाधानका सुझावसहितको अध्ययन प्रतिवेदन पनि पठाएको छ । सरोकारवाला पक्षसँग छलफल यथाशीघ्र गरिने बोर्डले जनाएको छ ।

रोजगारीमा जाने श्रमिकलाई गन्तव्य मुलुकमा गएर गर्नुपर्ने काम, त्यहाँको कानुन, परिवेश, संस्कृतिलगायतका विषय जानकारी गराउन पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिइन्छ । रोजगारीमा जानुअघि अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था छ । हाल अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ बमोजिम अनुमति प्राप्त संस्थाले ७०० रूपैयाँ शुल्क लिएर दुईदिने अभिमुखीकरण तालिम सञ्चालन गर्न पाउँछन् । तर व्यवसायीले तीनदेखि चार गुणा बढी शुल्क लिएको, तालिम नदिई प्रमाणपत्र दिने गरेको, सरकारले तालिम प्रदायकको प्रभावकारी अनुगमन गर्न नसकेकोलगायतका समस्या मन्त्रालयलेसमेत औंल्याएको छ । यसैलाई मध्यनजर गर्दै अभिमुखीकरणलाई व्यवस्थित, प्रभावकारी र समयसापेक्ष बनाउन भौतिक उपस्थितिविना जुनसुकै स्थान र समयमा तालिम प्राप्त गर्ने व्यवस्था मिलाउन खोजिएको मन्त्रालयले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा


### एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोन: ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

# न्यायिक नेतृत्वमा इतिहासकै दोस्रो महिला बनिन् सपना

■ कालिका खड्का

**काठमाडौं–** नेपालको न्यायिक इतिहासमा दोस्रोपटक महिलाले नेतृत्व गर्ने अवसर पाएको छ । सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले बुधबारदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हालेकी छन् । यसअघि, पहिलोपटक न्यायिक नेतृत्वको इतिहासमा महिला प्रधानन्यायाधीशमा सुशीला कार्कीले नेतृत्व गरेकी थिइन् ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण मंगलबार सेवानिवृत्त भएपछि वरिष्ठतम् न्यायाधीश मल्लको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको हो । प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा १२९ (६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीशले स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ ।

न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो । प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो ।

नेपालको संविधानअनुसार, सर्वोच्च अदालतमा तीन वर्ष न्यायाधीश भएको र ६५ वर्ष उमेर नपुगेको व्यक्ति प्रधानन्यायाधीश हुन पाउने योग्यता पुगेको मानिन्छ । प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम प्रस्ताव गर्नुपर्छ । तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन् । सभामुख, उपसभामुख, प्रमुख विपक्षी दलको नेताको पद रिक्त भएकाले संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न नसकेको बताइएको छ ।

संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछिमात्रै राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने व्यवस्था छ । प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को अधिवेशन बिहीबारदेखि सुरु हुने र सभामुख/उपसभामुखको निर्वाचनको प्रक्रिया सुरु हुन बाँकी रहेकाले सुनुवाइ समितिको गठनमा अझै केही हप्ता लाग्न सक्ने देखिन्छ ।

## कामु प्रधानन्यायाधीश सपना

बुबा गोविन्दबहादुर प्रधान र आमा राधा प्रधानको कोखबाट वि.सं. २०२० कात्तिक २९ गते शुक्रबार थापाथली काठमाडौंमा जन्मिएकी कामु प्रधानन्यायाधीश मल्ल २०७३ साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश भएकी थिइन् । उनले त्रिभुवन विश्वविद्यालयको नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक र दिल्ली विश्वविद्यालयबाट कानुन विषयमा नै स्नातकोत्तर गरेकी छन् । संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट जनप्रशासनमासमेत उनले स्नातकोत्तर गरेकी छन् ।



वि.सं. २०४५ देखि कानुन व्यवसायमा सक्रिय भएर काम गरेकी कामु प्रधानन्यायाधीश सपनासँग दुई वर्ष नेपाल ल क्याम्पसमा कानुन पढाएको अनुभव पनि छ । अधिवक्ता भएर काम गर्दागर्दै २०६९ सालमा उनले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गरेकी थिइन् ।

कामु प्रधानन्यायाधीश सपनाको दर्जनौं शोध र लेखहरू प्रकाशित भएका छन् । कानुनका क्षेत्रबाट महिला अधिकारको संरक्षण, महिला हिंसा नियन्त्रण, सामाजिक न्याय, महिलामा लगानी, महिलाको सम्पत्तिको अधिकार आदि धेरै विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय दैनिक तथा जर्नलहरूमा लेखसमेत उनले लेखेकी छन् । सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा कार्यरत हुँदा उनले लैंगिक न्याय, लैंगिक एवं घरेलु हिंसा एवं संवैधानिक मामिला जोडिएका कैयौं मुद्दामा दूरगामी असर पार्ने नजिर पनि प्रतिपादन गरेकी थिइन् ।

## न्यायिक नेतृत्वसम्म आइपुग्दा सपनाका संघर्ष

सर्वोच्च अदालतको न्यायाधीश हुनुभन्दा अगाडि उनी विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था, कानुन न्याय एवं मानवअधिकारका विषयमा काम गरिसकेकी छन् । कानुनकै विद्यार्थी भएको हुनाले कामु प्रधानन्यायाधीश मल्लले २०६४ देखि २०६९ सालसम्म संविधानसभा सदस्य भएर पनि काम गरिसकेकी छन् । संयुक्त राष्ट्रसंघको यातनाविरुद्धको समितिमा विज्ञ सदस्य भएरसमेत उनले काम गरिसकेकी हुन् ।

यसका साथै कामु प्रधानन्यायाधीश मल्लले कानुनका क्षेत्रसँग सम्बन्धित धेरै संघसंस्थामा आबद्ध भएर काम गरिसकेकी छन् । न्यायाधीश महिला समाजको संयोजक भएर काम गरिसकेकी उनले वातावरणसमबन्धी विश्वव्यापी न्यायिक संस्थानको महासचिव भएर पनि काम गरिसकेकी छन् । त्यस्तै सार्क कानुन नेपाल अध्ययनको अध्यक्ष, अन्तर्राष्ट्रिय महिला न्यायाधीश संघको सदस्य, वातावरण न्यायसम्बन्धी विश्वको आयोगको सदस्य, नेपाल बार एसोसिएसनको सदस्यका साथै विभिन्न पदमा रहेर उनले काम गरिसकेकी हुन् ।

वरिष्ठ अधिवक्ता तथा संविधासभा सदस्यसमेत भएर काम गरेकी कामु प्रधानन्यायाधीश मल्लले नेपाल सरकारको १०औं योजनामा समावेश गर्ने योजना र कार्ययोजनाको विकासमा संलग्न थिइन् । मानव बेचबिखन विधेयक, राष्ट्रिय महिला आयोग विधेयक तथा उत्तराधिकार अधिकार विधेयक र वैदेशिक रोजगार विधेयक, यौन उत्पीडनविरोधी कानुन र लैंगिक समानता विधेयकलगायत कानुन सुधार पहलहरूलगायत धेरै कानुनी क्षेत्रमा योगदान पुऱ्याएकी छन् । सर्वोच्च अदालतमा कार्यरत रहँदा व्यवस्थापन तथा प्रकाशन समितिलगायतका धेरै समितिमा रहेर उनले नेतृत्व गरिसकेकी छन् । प्रधानन्यायाधीश भएमा उनी २०८५ कात्तिक ३० गते ६५ वर्ष उमेरहदबाट अवकाश हुनुपर्ने छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## हुलाक तयार...

राहदानी र सवारी चालक अनुमतिपत्र सेवाग्राहीलाई घरमै वितरण गर्ने सरकारले निर्णय गर्दा काठमाडौंमा एउटा गोश्वारा हुलाक छ भने ७० जिल्लामा जिल्ला हुलाक कार्यालय छन् । छ वटा हुलाक निर्देशनालय छन् । यिनै संगठन संरचनाबाट हुलाक सेवा विभागले हाल चिठीपत्र, द्रूत डाँक सेवा तथा पार्सल सेवा उपलब्ध गराउँदै आएको छ । विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले राहदानी विभागसँग सम्झौता गरेर हाल विभिन्न ३३ जिल्लामा राहदानी पुऱ्याउँदै आएको बताइन् ।

उनका अनुसार भूमि व्यवस्था मन्त्रालयसँग सम्झौता गरेको विभागले लालपुर्जा पनि डेलिभरी गर्दै आएको छ । यसबाहेक काठमाडौंको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका नमूनाहरू पनि ओसारपसारमा हुलाक सेवा विभाग संलग्न रहँदै आएको उनको भनाइ छ । उनले भनिन्, 'हामीलाई राहदानी र सवारी चालक अनुमतिपत्र ओसारपसार र वितरणमा त्यस्तो समस्या छैन । त्यो नौलो पनि होइन ।' तर, केही स्रोतसाधन जुटाउनुपर्ने उनले बताइन् ।

'सरकारले गरेको निर्णयबमोजिम काम गर्न हामी त तयार छौं तर स्रोतसाधन जुटाइदिनुपर्छ,' उनले भनिन्, 'राहदानी विभाग एवं यातायात व्यवस्था विभागमा आवश्यक प्रणाली छिट्टै तयार गरिदिने हो भने हामी सक्छौं,' उनी भन्छिन् । उनका अनुसार देशका ७५३ वटै स्थानीय तहमा हुलाक सेवा विभागको उपस्थिति छ । यद्यपि, ओसारसपारका लागि पर्याप्त सवारीसाधनको अभाव झेल्दै आएको उनले बताइन् ।

खासगरी जेन-जी विद्रोहमा धेरै पिकअप गाडी जलेको र हाल विभागसँग सातवटा ट्रकमात्रै रहेको बताइन् । निर्वाचन आयोगसँग निर्वाचनमा प्रयोग भएका पिकअप सवारीसाधन मागिएको र ५० वटामात्रै पाए सरकारले गरेको निर्णय कार्यान्वयन गर्न सकिने उनको भनाइ छ ।

■■■

## देउवापक्षले गगनलाई...

विशेष महाधिवेशन भन्दै गरिएको भेला मान्य नहुने उनको भनाइ थियो । 'एउटा भेलाले हुलले गरेको निर्णयका कारण अहिले द्वन्द्व छ । १४औं महाधिवेशनलाई नमानेसम्म हामी विशेष महाधिवेशन मान्दैनौं,' रावलले भने । मंगलबार सुरु भएको बैठकमा पूर्वसभापति शेरबहादुर देउवा र डा. शेखर कोइराला पक्षका ९० भन्दा बढी नेता सहभागी थिए । उनीहरूले आफूहरूले मान्यता नदिएको विशेष महाधिवेशनबाट निर्वाचित सभापतिलाई के आधारमा मान्ने ? भन्ने प्रश्न गरेका छन् ।

पुस मसान्तमा भएको विशेष महाधिवेशनबाट गगन सभापति निर्वाचित भएपछि उनकै हस्ताक्षरमा पूर्वसंस्थापनपक्षले फागुन २१ को निर्वाचनमा उम्मेदवारको टिकट लिएको थियो । यद्यपि, गगनकै हस्ताक्षर लिएर धनुषा-४ बाट उम्मेदवार बनेका विमलेन्द्र निधिलेसमेत विशेष महाधिवेशन नमान्ने बताए । 'निर्वाचन आयोगले विशेष महाधिवेशन पक्षधरलाई मान्यता दियो, त्यो अवैध हो, गैरकानुनी हो र राजनीतिकरूपमा उपयुक्त होइन भनेर हामी सर्वोच्च अदालतमा मुद्दा दिएका छौं,' निधिले भने ।

यो नेतृत्वलाई स्वीकार्न नसकिने पूर्वकेन्द्रीय सदस्य गुरु बरालले बताए । 'तथाकथित भेलाबाट निर्वाचित सभापतिलगायतकालाई हामीले पाँच वर्षका लागि निष्काशित गरेका छौं । त्यो कार्यसमितिलाई हामी मान्दैनौं,' बरालले भने । पूर्वसंस्थापनले सर्वोच्च अदालतले गर्ने फैसला भने मान्ने जनाएको छ । विशेष महाधिवेशनबाट निर्वाचित गगनको नेतृत्वलाई निर्वाचन आयोगले माघ २ गते मान्यता दिएपछि देउवापक्ष माघ ४ गते सर्वोच्च अदालत गएको थियो । त्यो मुद्दामा चैत २२ गतेका लागि पेसी तोकिएको छ । पूर्वसंस्थापनपक्षले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको नाममा बैठक गरिरहँदा कांग्रेसले भने १५औं महाधिवेशनको मिति तोकिसकेको छ । आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा महाधिवेशन गर्ने निर्णयपछि पूर्वसंस्थापन पक्षका नेताहरूले देउवा र शेखरलाई बाहिर राखेर महाधिवेशन हुन नसक्ने बताउन थालेका छन् ।

### खड्कालाई गरायो सचेत, ५०७ जनासँग मागियो स्पष्टीकरण

यसैबीच नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले पूर्वउपसभापति पूर्णबहादुर खड्कालाई सचेत गराएको छ । खड्काले पार्टीको लेटरहेड दुरूपयोग गरेको उल्लेख गर्दै बुधबार समितिका संयोजक तारामान गुरुङको अध्यक्षतामा बसेको बैठकले एकपटक सचेत पार्ने र नमाने कारबाही गर्ने जनाएको छ ।

'विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी मिति २०८२ चैत्र १४ गते अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकोले सचेत गराइन्छ,' निर्णयमा भनिएको छ, 'अब उप्रान्त यस किसिमको गलत काम गर्ने जो कोही व्यक्ति उपर नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) र प्रचलित नेपाल कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गर्दछ ।'

यसैगरी समितिले निर्वाचनमा आफ्नो दलको उम्मेदवारलाई असहयोग गर्ने ५०७ नेतासँग सात दिनभित्र स्पष्टीकरण दिनसमेत निर्देशन दिएको छ । देशभर १६५ सिटमै उम्मेदवारी दिएको कांग्रेसले प्रत्यक्षमा १८ र समानुपातिकमा २० सिटमा चित्त बुझाएको थियो । निर्वाचनमा लज्जास्पद हारपछि कांग्रेसमा अहिले एकले अर्को पक्षलाई अन्तर्घात गरेको आरोप लगाउने क्रम चलिरहेको छ ।

समितिका संयोजक तारामान गुरुङको अध्यक्षमा बसेको बैठकले निर्वाचनमा अन्तर्घातको आरोप लागेका नेताहरूलाई सात दिने स्पष्टीकरण सोधेको हो । निर्वाचनमा हारपछि कांग्रेसमा जिल्ला जिल्लाबाट अन्तरघात भएको रिपोर्ट आएको छ । त्यसपछि अनुशासन समितिको बैठक राखेर स्पष्टीकरण सोध्ने निर्णय गरिएको हो । 'छानबिनबाट वर्गीकरण गरिएका उजुरीको हकमा अनुशासन उल्लघंन गरेको भनी आरोप लागेका व्यक्तिहरूबाट सात दिनभित्र स्पष्टीकरण माग गर्ने निर्णय गर्दछ,' बैठकपछि केन्द्रीय अनुशासन समितिका सचिव दिनेश थापामगरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

फागुन २१ गतेको निर्वाचनमा अनुशासन उल्लंघन गरिएको भनी विभिन्न जिल्ला र प्रतिनिधिसभा सदस्यका उम्मेदवारले अनुशासन समितिमा हालसम्म ५०७ जना व्यक्तिविरुद्ध दिएको उजुरी दिएका थिए । ५०७ जनामा निर्वाचनमा स्वतन्त्र उम्मेदवार भएका र प्रस्तावक समर्थक बसेका, निर्वाचनमा पार्टीका उम्मेदवारविरुद्ध प्रचार प्रसारमा प्रत्यक्ष सहभागी भएका, पार्टी उम्मेदवारविरुद्ध अप्रत्यक्ष रूपमा विपक्षीलाई टेवा पुऱ्याएकाहरू रहेको समितिले जनाएको छ । यसैगरी निर्वाचनमा नेपाली कांग्रेसलाई मत नमागी 'साइलेन्स किलिङ'को काम गरेका, कांग्रेसबाट जनप्रतिनिधि निर्वाचित भई प्रतिनिधिसभाको निर्वाचनमा विपक्षीलाई सहयोग गरेका पनि रहेको उल्लेख छ ।

■■■

## थापालाई नेता...

यता युवा नेतृत्वलाई रोकेको भन्दै एमाले नेतृत्वको आलोचना भएको छ । संसदीय दल नेतामा थापालाई छानेको विरोधमा अस्कल क्याम्पसका अनेरास्ववियुका विद्यार्थीहरूले एमाले महासचिव पोखरेलको राजीनामा माग गर्दै प्रदर्शन गरेका छन् । अनेरास्ववियु एमालेको विद्यार्थी संगठन हो । यसैगरी युवालाई संसदीय दलको नेतृत्वको नदिएको भन्दै सामाजिक सञ्जालमा एमाले नेताहरू नै विरोधमा उत्रिएका छन् ।

एमाले सचिव योगेश भट्टराईले हतार-हतारमा दबाब दिएर संसदीय दलको नेता छानेको आरोप लगाएका छन् । 'केही दिनको समय लिएर पार्टी नेतृत्व र सांसदहरूबीच छलफलका माध्यमबाट उच्चस्तरको समझदारीमा पुग्नुको सट्टा सांसदहरूलाई दबाबमा राखेर निर्णय गरिएको हुँदा यो प्रक्रिया राम्रो नभएको हो,' भट्टराईले भनेका छन् ।

बालेन्द्र शाह नेतृत्वको सरकार बनेसँगै शनिबार पक्राउ परेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना गरेर राखिएको छ । अदालतले आइतबार उनलाई पाँच दिन हिरासतमै राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो । पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीमाथि गत २३ भदौको जेन-जी आन्दोलनमा प्रहरीको गोलीबाट युवाहरू मारिएको घटनामा जिम्मेवार रहेको आरोपसहित ज्यानसम्बन्धी कसुरमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

■■■

## संसद् अधिवेशन...

गत निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले करिब दुईतिहाइ बहुमत प्राप्त गरेपछि सुरु हुन लागेको यस अधिवेशनलाई महत्त्वका साथ हेरिएको छ । यसैबीच प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबीच संसद्को पहिलो बैठकमै सभामुखको निर्वाचनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने सहमति जुटेको छ । सभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीको अध्यक्षतामा बुधबार सिंहदरबारमा बसेको दलका प्रतिनिधिको बैठकमा उक्त सहमति जुटेको राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।

'सभामुखको निर्वाचनसम्बन्धी प्रस्ताव पहिलो बैठकमा प्रस्तुत हुने र २० गते मनोनयन र २२ गते निर्वाचन गर्ने सहमति जुटेको छ,' उनले भने । दलहरूबीच संसद्को पहिलो बैठकमा जेन-जीसहित सबै आन्दोलनका सहिदप्रति श्रद्धाञ्जलि व्यक्त गर्ने तथा दलका शीर्ष नेताहरूले शुभकामना सम्बोधन गर्ने सहमति भएको छ ।

बैठकले मौजुदा प्रतिनिधिसभा नियमावली प्रतिस्थापन नहुँदासम्मका लागि पुरानै नियमावलीबाट प्रतिनिधिसभा बैठक सञ्चालन गर्ने र छिट्टै नयाँ नियमावली मस्यौदा गरेर जाने निर्णय गरेको छ । कार्यव्यवस्था समिति र अध्यक्षता गर्ने सदस्यको चयन गर्नेबारेमा पनि छलफल भएको महामन्त्री बुर्लाकोटीले जानकारी दिए । उनका अनुसार कार्यव्यवस्था समितिको संख्याका बारेमा थप सरसल्लाह हुने छ ।

■■■

## एसइई परीक्षा...

चैत २९ गते सम्पन्न हुने एसइई परीक्षामा यस वर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थीले र जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने उनले जानकारी दिए । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् भने परीक्षा दिने छन् । परीक्षा दिनेमा दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षार्थी रहेका छन् ।

उनका अनुसार परीक्षामा सात प्रदेशमध्ये कोशी प्रदेशबाट ८२ हजार ४८७ जना, मधेस प्रदेशबाट ९० हजार २४३ जना, बागमती प्रदेशबाट एक लाख नौ हजार ५१३ जना, गण्डकी प्रदेशबाट ४३ हजार ९७२ जना, लुम्बिनी प्रदेशबाट ९१ हजार ८०२ जना, कर्णाली प्रदेशबाट ३९ हजार ७६९ जना र सुदूरपश्चिमबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुने छन् । बोर्डले यस वर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न संघसंगठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो ।

पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्यमात्र छायांकन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै परीक्षा नियन्त्रक अधिकारीले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था गरिएको जानकारी दिए ।

प्रधानमन्त्री बालेन्द्र शाहले १५ दिनभित्र परीक्षाफल प्रकाशित गर्न बोर्डलाई निर्देशन दिएपछि बोर्डले एक महिनामै नतिजा सार्वजनिक गर्ने भएको छ । बोर्डले व्यस्त कार्यतालिका र प्राविधिक कारणले १५ दिनमा नतिजा सार्वजनिक गर्न नसकिने जानकारी गराउँदै एक महिनाभित्र प्रकाशित गर्ने तयारी भएको उनले जानकारी दिए । यसअघि बोर्डले ४५ दिनभित्र परीक्षाफल प्रकाशित गर्ने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा तालिका बुझाएको थियो ।

परीक्षा नियन्त्रक अधिकारीले विगतका वर्षहरूमा जस्तो परीक्षाफल प्रकाशन गर्न तीन महिना नलाग्ने र यसवर्ष एक महिनाभित्रै परीक्षाफल सार्वजनिक गर्ने गरि तयारी गरिएको जानकारी दिए । यस वर्ष परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका जाँच परीक्षा भएको विषयको सोही दिन परीक्षा केन्द्रमा परीक्षक र संपरीक्षकहरूले उत्तरपुस्तिका जाँच गरेर विद्यार्थीको लब्धांकपत्र शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गरिएको छ । शिक्षा विकास तथा समन्वय एकाइले तोकिएको समयमा लब्धांकपत्रहरू परीक्षा नियन्त्रण कार्यालय पठाउने व्यवस्था गरिएको छ ।

■■■

## वैदेशिक रोजगारीमा...

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम भने वैदेशिक रोजगारीका लागि जाने सबै कामदार प्रविधिको पहुँचमा नभएकाले 'भर्चुअल तालिम' सबैका लागि प्रभावकारी हुन नसक्ने बताउँछन् । 'हामीकहाँ तालिम लिन आउनेहरू टुकटुके मोबाइल बोकेर आउँछन् । सामान्य कुरा सोध्दा पनि मलाई केही थाहा छैन, म्यानपावरलाई थाहा छ भन्छन् । त्यस्तो मान्छेले कसरी अनलाइन कक्षा लिन सक्छ ?,' उनले प्रश्न गरे ।

सरकारले गरेको निर्णयले व्यवसाय समस्यामा पर्ने भए पनि आफूहरू कुनै विरोध नगर्ने गौतमको भनाइ छ । आफूहरूलाई पनि स्वदेशमै व्यवसाय गर्न विकल्प दिनुपर्ने उनले बताए । 'कामदारलाई राम्रो हुन्छ भने सरकारले गर्न लागेको कुरामा हाम्रो विरोध हुँदैन । तर हामीले पनि लगानी गरेका छौं,' उनले भने, 'मेरो पनि अधिकार होला यो देशमा व्यवसाय गर्न पाउने । हामीलाई मापदण्ड तोकेर सीप सिकाउने तालिम गराउन दिए भयो । त्यसो गरे हामीले पनि व्यवसाय गर्न पाउँछौं ।'

अभिमुखीकरण तालिमको पाठ्यक्रममा आधारित श्रव्यदृश्य सामग्रीलाई डिजिटल माध्यममा उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । नयाँ पाठ्यक्रममा वित्तीय तथा डिजिटल साक्षरता, मानसिक स्वास्थ्य, सुरक्षित आप्रवासन तथा ठगी पहिचान, टेलिमेडिसिन, सामाजिक सुरक्षा कोषलगायतका विषय थप गरेर समयसापेक्ष बनाइने जनाइएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०३/११ मा दर्ता भएको प्रा.लि.नं. २१८०२६ को **हर्बल ग्रीन फरेष्ट ब्यूटी पार्लर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/२८ मा दर्ता भएको **प्रा. लि. नं. १८५५००** को **सर्वनिदान प्याथोलोजी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना !**

*तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/१९ गते*

**सोनी इन्टरनेशनल रिक्विडमेन्टस् प्रा.लि.**को मिति २०८१/०५/०९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सक्कार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तित गरी **फैसल म्यानेजमेन्ट सर्भिस प्रा.लि.** (**प्रा.लि. नं.** १६५२२९) कायम गर्ने गरी मिति २०८२/०९/२२ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०९/०७ मा दर्ता भएको श्री **अनमोल कैलाश टुर्स एण्ड ट्राभल्स प्रा. लि. (प्रा.लि. नं. २३०९३२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०९/०९ मा दर्ता भएको **प्रा. लि. नं. ३५७८८८** को **एम फाइनेष्ट एजुकेशनल कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिमालेख हराएको सूचना**

मिति २०८२/११/१७ गते, ठेचोदेखि लगनखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : ज्योति महर्जन**
**बिमालेख नं : १००१०५०३२**
**ठेगाना : ठेचो-७, ललितपुर**
**कम्पनी: एल.आई.सि.नेपाल**
**सम्पर्क नं : ९८४१२१८२५५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/०७ मा दर्ता भएको **क्वालिटी शाइन प्रा. लि. प्रा. लि. नं. १२४६२७/२०७१/०७२** लाई खारेजी लिक्वीडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८२/१२/१८गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७७/११/०९ मा दर्ता भएको **प्रा. लि. नं. २५६५७८** को **देउराली ग्रुप अफ इण्डिट्रिज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# राष्ट्रिय सुरक्षाको विषयलाई पुनःपरिभाषित गर्नुपर्नेमा जोड




**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देलले नेपालको भूराजनीति हाम्रा लागि अवसर र चुनौती भएकाले बदलिँदो विश्व परिवेशमा राष्ट्रिय सुरक्षाको विषयलाई पुनःपरिभाषित गर्नुपर्नेमा जोड दिएका छन् । रक्षा मन्त्रालयको समन्वय र नेपाली सेनाको व्यवस्थापनमा शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालन गरिएको सिसं ११ उच्चस्तरीय राष्ट्रिय सुरक्षातालिमको समापनका अवसरमा प्रधानसेनापति सिग्देलले सो धारणा राखेका हुन् ।

राष्ट्रिय सुरक्षा कुनै एक निकायकोमात्र जिम्मेवारीको विषय नभएर सबैको साझा चासोको विषय भएको बताउँदै उनले भूराजनीतिलाई प्रविधिसँगै पनि जोडेर हेर्नुपर्ने खाँचो औंल्याए । सो अवसरमा प्रधानसेनापति सिग्देलले दुई सातासम्म सञ्चालन भएको तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए । रक्षासचिव केदारनाथ शर्माले मायाको चिनो प्रदान गरेका थिए ।

कलेजका निमित्त शिक्षाध्यक्ष सहायक रथी दिलविक्रम सुब्बाले तालिमको महत्त्व र उपादयिताका बारेमा प्रकाश पारेका थिए । तालिममा नेपाल सरकारका प्रथम तथा दितीय श्रेणीका अधिकृत, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका उच्च अधिकृत, सञ्चारकर्मीलगायत गरी ३० जनाको सहभागिता रहेको थियो । तालिमकै दौरानमा 'आधुनिक राज्य व्यवस्था र मौलिकता' विषयक एक दिवसीय सेमिनारको आयोजना गरिनुको साथै सम्पन्न सहभागीलाई पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकन भ्रमण गराइएको थियो ।

# प्रि-मनसुन अवधिमा औसतभन्दा बढी वर्षा

**काठमाडौं (प्रस)–** प्रि-मनसुन अवधिमा हालसम्म देशभर औसतभन्दा बढी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागकी मौसमविद् बिनु महर्जनका अनुसार यस वर्ष पनि मंगलबारसम्मको अवधिमा हुनुपर्ने औसतभन्दा बढी वर्षा मापन भइसकेको छ ।

'हालसम्म करिब २९.५ प्रतिशत वर्षा भइसकेको छ । यस अवधिमा सामान्यतया २० प्रतिशतमात्र वर्षा हुने गर्दछ,' उनले भनिन्, 'फागुन १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधिलाई प्रि-मनसुन मानिन्छ । यस समयमा करिब २२६ मिलिमिटर वर्षा हुनुपर्नेमा मंगलबारसम्म ७७.५ मिलिमिटर वर्षा भइसकेको छ ।'

जल तथा मौसम विज्ञान विभागका अनुसार हालको मौसम प्रणालीमा सामान्य बदली देखिएको छ । विभागले दिएको विवरणअनुसार मंगलबारको तुलनामा बुधबार तापक्रममा वृद्धि भएको छ । राजधानी काठमाडौंसहित उपत्यकामा बुधबार दिउँसोको अधिकतम तापक्रम २५ डिग्रीसेल्सियस पुगेको महर्जनले बताइन् ।

मौसमविद् महर्जनका अनुसार आज (बिहीबार)सम्म मौसम सामान्यतया सफा रहने छ । शुक्रबारदेखि फेरि वर्षा हुने सम्भावना छ । यसैबीच, विभागले मौसम परिवर्तनशील रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

# हाजिरीमा कडाइ गर्दै वीर अस्पताल

**काठमाडौं (प्रस)–** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल व्यवस्थापन समितिले हाजिरी व्यवस्थापनमा कडाइ गर्ने निर्णय गरेको छ । कार्यालय समयभन्दा ढिलो गरी उपस्थित भएमा कारणसहित सम्बन्धित विभाग वा समूहमा जानकारी गराउनुपर्ने र तोकिएको समय नपुगेमा आधा दिन बिदा कटौती हुने व्यवस्था गरिएको हो । चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ तथा प्रशासनिक कर्मचारीलाई कार्यालय समयमा अनिवार्य उपस्थित भई जिम्मेवारी पूरा गर्न निर्देशन दिइएको छ भने कुनै कारणवश अनुपस्थित हुनुपरेमा सम्बन्धित इन्चार्जमार्फत प्रशासनलाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यालय समय आगामी वैशाख १ गतेदेखि बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म र कात्तिक १५ देखि माघ १५ सम्म बिहान १०:०० बजेदेखि बेलुका ४:०० बजेसम्म कायम गर्ने प्रस्ताव गरिएको छ । समितिको बैठकले अस्पतालको सेवा प्रवाह सुधार, अनुशासन कायम तथा व्यवस्थापन सुदृढीकरणका लागि विभिन्न १४ वटा महत्त्वपूर्ण निर्णय गरिएको अस्पतालका निर्देशक डा. दिलीप शर्माले जानकारी दिए ।

अस्पतालको सरसफाइ तथा अनुशासन सुधार गर्न सरसफाइ (क्लिनिलेन्स अडिट) र हाजिरी (अटेन्डेन्स अडिट) समिति गठन गरिएको उनले बताए । क्लिनिलेन्स अडिट समिति नर्सिङ प्रशासककी प्रमुख संगीता श्रेष्ठको संयोजकत्वमा र अटेन्डेन्स अडिट समिति सहायक निर्देशक डा. मीनचन्द्र अधिकारीको संयोजकत्वमा गठन गरिएको छ । यसैगरी चिकित्सकले बिरामीको पुर्जा, डिस्चार्ज विवरण तथा अन्य रिपोर्टमा आफ्नो नाम, एनएमसी नम्बर र हस्ताक्षर स्पष्टरूपमा उल्लेख गर्नुपर्ने, नभए कानुनबमोजिम कारबाही हुने भनिएको छ । साथै सबै स्वास्थ्यकर्मीले परिचयपत्र वा एप्रोन अनिवार्यरूपमा लगाउनुपर्ने छ ।

व्यवस्थापन समितिले 'ओटी,' 'क्याथ ल्याब' तथा बेलुकी सत्रमा खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने विषय पनि अघि बढाइएको छ । फार्मेसी सेवामा सुधार गर्दै औषधिको उपलब्धता सुनिश्चित गर्ने तथा सेवाग्राहीलाई छिटोछरितो सेवा दिने व्यवस्था मिलाइने र उपलब्ध औषधिको स्टकबारे सेवाग्राहीलाई जानकारी दिने प्रणाली विकास गरिने बताइएको छ ।


## मलेसियामा रोजगार

कम्पनी : QUEBEC SECURITY SERVICES SDN BHD — शहर : Jalan Kencana

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340205 | चलानी नं. ६०२५३७४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 50 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २६ गते (9th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080

**SHREESHA INTERNATIONAL PVT.LTD.**
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com

For Location


## नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लि. को धितो लिलाम सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२।१२।१९ गते**

तपसिलमा उल्लेखित ऋणीले यस सस्थाबाट लिनुभएको कर्जाको साँवा, व्याज, शुल्क तिर्ने किस्ता, भाखा, अवधी गुज्रिसकेको र यसभन्दा अघि विभिन्न मितिमा पटक पटक कर्जा चुक्ता सम्वन्धी बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत अटेर गरी कर्जा नवुझाई सस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघन गर्नु भएको र यस अघि विभिन्न मितिमा कर्जा भुक्तान गर्ने सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्दा समेत अटेर गरी हालसम्म कर्जा भुक्तान नगर्नु भएको र निज दिलकुमारी राइले उच्च अदालत पाटन, ललितपुरमा निषेधाज्ञाको मुद्दा दर्ता गरेकोमा अदालतबाट खारेज भईसकेको हुनाले अन्तिम पटक यो ७ दिने गोप्य शिलवन्दी वोलकवोल लिलाम वढावढ सम्बन्धी सूचना प्रकाशित गरिएको छ । अतः सो ७ दिन भित्रै सम्बन्धित ऋणी, जमानीकर्ता तथा सरोकारवालाले सम्पूर्ण साँवा, व्याज, अन्य दै दस्तुर रकम बुझाउनु होला । सो अवधिसम्म नबुझाएमा यो सूचना प्रकाशित भएको ८ औं दिनमा प्राप्त वोलपत्रहरूलाई खोली लिलाम बढाबढ गरी संस्थाको लिनु पर्ने रकम असुल उपर गरिने व्यहोरा अनुरोध गरिन्छ । अन्य थप जानकारी चाहिएमा संस्थामा सम्पर्क राख्नुहोला । प्राप्त बोलकबोल गरिएको बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहीत रहनेछ ।

**तपसिल**

| ऋणीको नाम थर र ठेगाना | धितोको विवरण |
|---|---|
| १) **नामः दिल कुमारी राई**<br>बाबु : कृष्ण कुमार राई<br>बाजे : बर्ज बहादुर राई<br>पति : क्यूराज राई<br>ठेगाना : उदयपुर जिल्ला सुन्दरपुर गा.वि.सं. वडा नं. ६ हाल ललितपुर जिल्ला इमाडोल न.पा. वडा नं. ९ | ऋणि दिल कुमारी राईको नाउँमा दर्ता कायम रहेको ललितपुर जिल्ला किट्नी वडा नं. ४ क मा अवस्थित कित्ता नं. ७८४ को ०-४-०-२ (१३१.१४ वर्ग मी.) ऐ ऐ कि.नं. ७८२ को ०-२-३-२ (९१.४१ वर्ग मी.) र ऐ ऐ कि न ४११ को क्षेत्रफल ०-१२-०-० समेत जग्गा सो जग्गामा रहेको गाई गोठ भौतिक संरचना लगायत लिगलगापात समेत । |

**नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
त्रिपुरेश्वर-११, फोन नं. ४१०१००१

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bid (IFB)

**Date Of Publication : 2082-12-19 B.S (2026-04-02 A.D)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| Contract Identification NO. | Description of Work | Estimated Amount With(VAT and P.S) | Bid Security NRs | Bid Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 49/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Upgradation of Surkey pakheypani Road at Kplrm-01,Solukhumbu | 4,888,547.21 | 125,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra,gov.np.

3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.co

**Chief Administrative Officer**


## मलेसियामा रोजगार

कम्पनी : JAGUAR FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 340305 | चलानी नं. ६०२५३७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २६ गते (9th April 2026) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np

श्रम ईजाजत नं. १७२०/०८१/०८२

## मलेसियामा रोजगार

कम्पनी : YONG KAH PLANTATION GROUP SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340319 | चलानी नं. ६०२५३७४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 70 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YEKA PLASTICS INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340320 | चलानी नं. ६०२५३७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 29 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FIVE STAR RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340321 | चलानी नं. ६०२५३७४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 25 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ASJ COMPONENTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340350 | चलानी नं. ६०२५३७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker/Production Operator | 60 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MALEX PAPER PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | LT. No. 340351 | चलानी नं. ६०२५३७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator/Factory Workers | 18 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २६ गते (9th April 2026) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


## श्री कैलाशकूट वचत तथा ऋण सहकारी सस्था लि.
**का.म.न.पा. ५. हाडिगाउँ, काठमाडौं**

### ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१९**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न प्रयोजनाका लागि लिएको ऋणको यस संस्था संग गरेको संझौता बमोजिम समय समयमा निर्नु पर्ने बुझाउनु पर्ने सांवा, ब्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई संस्था संग गरेको ऋण सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएको तथा पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बसेको हुँदा, यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली तथा सहकारी ऐन नियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको ३५ दिने सूचना प्रकाशित गरिएको छ त्यस सूचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकि रहेको संपूर्ण रकम (साँवा ब्याज र अन्य दस्तुर) समेत चुक्ता गर्नु होला । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने व्यक्तिहरूको चलअचल सम्पत्तिहरूबाट र कानुन बमोजिम निजहरूको घर घरानाबाट समेत असुल उपर गरिने व्यहोरा सूचनाद्वारा जानकारी गराईन्छ ।

१) मोरङ्ग जिल्ला केरौन गा.वि.स. वडा नं.१, हाल काठमाडौं बस्ने श्री पदम बहादुर शाही राईको नाति श्री गंगालाल शाही राईको छोरा ऋणी विरेन राई ना.प्र.नं.३४५२ मोरङे व्यक्तिगत नमानी बस्ने भुपेन्द्र रजंग पहेली ।
२) काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३४, बस्ने गणेश प्रसाद जोशीको नातिनी मोहन कुमार जोशिको छोरी, श्रेया जोशी, ना.प्र.नं. १०९४०, काठमाडौं ।
३) साविक गण्डकी अन्चल गोरखा जिल्ला नामजुङ गाउँपालिका वडा नं.२ बस्ने गुलाफ जंग थापाको नाति पदम जंग थापाको छोरा ऋणी चेत बहादुर थापा ना.प्र.नं.३२५९५, गोरखा ।
४) साविक सिन्धुपाल्चोक जिल्ला साँगाचोक गा.वि.स वडा नं.७, बस्ने लाल बहादुर थापाको नाति भुपिन्द्र कुमार थापाको छोरा ऋणी सुरन थापा ना.प्र.नं. २४।०१।६९।०६०५१, सिन्धुपाल्चोक ।
५) साविक सर्लाही जिल्ला खैवी गा.वि.स वडा नं.१ बस्ने हरि प्रसाद मिश्रको नाती उदय नारायण मिश्र छोरा ऋणी मनिष कुमार मिश्र ना.प्र.नं. ४६५७४४३१, सर्लाही ।
६) साविक धादिङ जिल्ला मुम्दी गा.वि.स वडा नं.८ बस्ने भाप्की तामाङको नाति सिंजे तामाङको छोरा ऋणी प्रताप तामाङ ना.प्र. नं.४६१६, धादिङ ।
७) साविक काभ्रेपलान्चोक जिल्ला होक्से गा.वि.स वडा नं.८ बस्ने प्रेमध्वज थापाको नाति गुमानध्वज थापाको छोरा ऋणी मोहन थापा ना.प्र.नं. ६७९०१, काभ्रेपलान्चोक ।
८) साविक बर्दिया जिल्ला बर्दिया उप न.पा. वडा नं.४ गोला, बस्ने एम सिंह चलाउनेको नाति मान बहादुर चलाउनेको छोरा ऋणी निराजन बहादुर चलाउने ना.प्र.नं.२१६१९, वर्दिया ।
९) साविक सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं.३ बस्ने यश प्रसाद आचार्यको नाति डिल्ली प्रसाद आचार्यको छोरा ऋणी कृष्ण आचार्य ना.प्र.नं. २१४८५/२३८८१, सुनसरी ।
१०)साविक काठमाडौं जिल्ला काठमाडौं महा न.पा. वडा नं.१७, बस्ने सैयद मुजफर शाहको नाति सैयद समिम शाहको छोरा ऋणी हनि शाह ना.प्र.नं. ४९८१, काठमाडौं ।

## कर्मचारी आवश्यकता

**(दोस्रो पटक प्रकाशित मिति २०८२/१२/१९)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडलाई देहाय बमोजिमको जनशक्ति आवश्यकता भएकाले ग्रामीण क्षेत्रमा काम गर्न इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | श्रेणी | पद | संख्या | शैक्षिक योग्यता/कार्यानुभव |
|---|---|---|---|---|
| ०१/०८२/८३ | अधिकृत | सहायक अधिकृत | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको वा प्रमाण पत्र तह (१०+२) वा सो सरह उत्तीर्ण गरी बैंक/वित्तीय संस्था वा लघुवित्त सम्बन्धी कम्तीमा २ वर्षको कार्य गरेको । मोटरसाइकल तथा सवारी चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |
| ०२/०८२/८३ | सहायक | बरिष्ठ सहायक/सहायक (शाखा प्रमुख) | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण पत्र तह (१०+२) वा सो सरह उत्तीर्ण गरेको । बैंक/वित्तीय संस्था वा लघुवित्त सम्बन्धी कम्तीमा ३ वर्षको कार्य गरेको । मोटरसाइकल तथा सवारी चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |
| ०३/०८२/८३ | सहायक | बरिष्ठ सहायक (सुचना प्रविधि विभाग)) | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सूचना प्रविधि सम्बन्धि (IT) विषयमा प्रमाण पत्र तह (१०+२) वा सो सरह उत्तीर्ण गरेको । अफिज प्याकेज, इमेल इन्टरनेट, नेटवर्क, ग्राफिस डिजाइन तथा सूचना प्रविधि सम्बन्धी ज्ञान भएकालाई विशेष प्राथमिकता दिइनेछ । |
| ०४/०८२/८३ | सहायक | कनिष्ठ सहायक | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई. वा सो सरहको परिक्षा उत्तीर्ण गरी बैंक/वित्तीय संस्था वा लघुवित्त सम्बन्धी कम्तीमा ६ महिना कार्य गरेको । मोटरसाइकल तथा सवारी चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |
| ०५/०८२/८३ | सहायक | उद्यम विकास संयोजक (बरिष्ठ सहायक/सहायक/कनिष्ठ सहायक | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट I.SC.Ag./Vet. उत्तीर्ण गरी कृषि तथा पशुपालन सम्बन्धी परामर्श, उपचार तथा तालिम प्रदान गर्न सक्ने । मोटरसाइकल तथा सवारी चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |
| ०६/०८२/८३ | सहायक | सहायक प्रशिक्षार्थी | केही | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई. वा सो सरहको परिक्षा उत्तीर्ण गरेको मोटरसाइकल तथा सवारी चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |

**कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका** कार्यालयहरुमा रही कार्य गर्न इच्छुक उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

- **उमेरको हद** : दरखास्त लिईने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिलाको हकमा पाँच वर्ष थप हुनेछ ।
- **पेश गर्नुपर्ने कागजातहरु** : हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमामाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-Data) ।
- **निवेदन दिने अन्तिम मिति : मिति २०८२/१२/२५** गते बुधबार । - **परिक्षाको किसिम :** अन्तरवार्ता
- **तलब तथा सुविधा** : वित्तीय संस्थाको नियमानुसार हुनेछ ।
- **दरखास्त पेश गर्ने प्रक्रिया/माध्यम** : उल्लिखित मितिभित्रमा संस्थाको वेवसाइट www.matribhumimf.com.np/careers मा गई तोकिए बमोजिमको अनलाईन फाराम भरी दरखास्त पेश गर्न सकिनेछ ।
- **नोट :** माथिको क्र.सं. १, २ र ४ का पदहरुमा अनुभवको आधारमा र क्र.स. ३ र ५ का पदमा ६ महिना परिक्षणकालमा नियुक्ती दिइनेछ र तत्पश्चात कार्यसम्पादन स्तर सन्तोषजनक भएमा स्थायी नियुक्ती दिइनेछ । क्र.सं. ६ का (सहायक प्रशिक्षार्थी) पदमा १ वर्ष प्रशिक्षणकालमा नियुक्ती दिईनेछ, तत्पश्चात कार्यसम्पादन स्तर सन्तोषजनक भएमा स्थायी नियुक्ती दिइनेछ । कार्य अवधि गणना गर्दा परीक्षणकाल र प्रशिक्षणकाल समेतलाई स्थायी अवधिमा गणना गरिनेछ ।
- प्राप्त दरखास्तहरु मध्ये छोटो सूची (Short List) मा परेका उम्मेदवारहरुलाई अन्तरवार्ताको सम्पर्क गरिनेछ । विज्ञापन सम्बन्धी कार्यक्रम स्थगन तथा रद्द गर्न सक्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**पदपूर्ति समिति**

**मातृभूमि लघुवित्त वित्तीय संस्था लि.**
**Matribhumi Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
**कर्पोरेट कार्यालय** : बुढानिलकण्ठ-७, गल्फुटार, काठमाण्डौं, फोन नं. : ०१-४३७२२७४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सार्वभौम संसद्को गरिमा बढाऔं

जेन–जी विद्रोहपछिको ताजा जनादेशसहित गठन भएको प्रतिनिधिसभाको पहिलो बैठक आज बस्दै छ । बैठकमा स्पष्ट देखिने छ– फेरिएको दलीय हैसियत । बदली भएको संसद्को शक्ति सन्तुलन । निर्वाचनमा अभूतपूर्व जनमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को झण्डै दुईतिहाइ सांसद प्रतिनिधिसभामा हुने छन् । अघिल्लो साता उक्त दलले शक्तिशाली सरकार गठन गरिसकेको छ । यस पृष्ठभूमिमा ताजा जनादेश प्राप्त प्रतिनिधिसभाको पहिलो बैठक बस्न लागेको हो । बैठक बस्नुअघि एउटा गम्भीर प्रश्न छ– के फेरि पनि संसद् नाराबाजी, अवरोध र शक्ति प्रदर्शनको रंगमञ्च हुन्छ कि कानुन बनाउने थलो ?

विगतमा संसद् कानुन बनाउने थलो कम भयो । शक्ति प्रदर्शन र नाराबाजीको थलो बन्यो । पटक–पटक संसद् अवरुद्ध भयो । बहुमूल्य समय खेर गयो । तर, संविधान जारी भएको दशक बित्दासम्म आवश्यक कानुनहरू बनेनन् । विद्यालय शिक्षा विधेयक पारित भएनन् । संघीय प्रहरी ऐन बनेन । निजामती विधेयक पारित भएन । संघीयता कार्यान्वयनसँग सम्बन्धित थुप्रै विधेयक अलपत्र छन् । प्रदेश र स्थानीय तहले संघीय सरकारले आवश्यक कानुन नबनाउँदा थप काम गर्न सकेनन् । यद्यपि, विगतमा दलहरू आफ्ना स्वार्थ, सत्ता समीकरण र प्रतिशोधमै अल्झिँदा संसद् जनताको होइन, नेताहरूको खेलमैदानजस्तो देखियो । यही प्रवृत्ति दोहोरिने हो भने यो संसद् अर्थपूर्ण हुने छैन ।

संसद् केवल बहस गर्ने ठाउँ होइन । विशुद्ध कानुन निर्माण गर्ने ठाउँ हो । जनताको मुद्दामा घनिभूत छलफल गर्ने ठाउँ हो । जहाँ जनताका प्रतिनिधिले बोलेको आवाज सरकारले सुन्नुपर्छ । समस्याको समाधान पहिल्याइनुपर्छ । यो संसदीय प्रणालीको आधारभूत सर्त हो । मूल्य र मान्यता हो । त्यसो हुनाले सार्वभौम संसद्प्रति प्रधानमन्त्री उत्तरदायी र जवाफदेही हुनैपर्छ । संसद् र त्यहाँ प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई छल्न मिल्दैन ।

प्रधानमन्त्री बालेन्द्र शाह अब केवल कार्यपालिका प्रमुखमात्र होइनन्, उनी संसद्प्रति जवाफदेही नेतृत्व पनि हुन् । त्यसो हुनाले यदि संसद् छल्ने, प्रश्नबाट पन्छिने वा आलोचनालाई बेवास्ता गर्ने प्रवृत्ति देखाए त्यो लोकतन्त्रका लागि खतरनाक संकेत हुने छ । प्रधानमन्त्रीले सदनको सामना गर्नैपर्छ, यो विकल्प होइन, जिम्मेवारी हो । तथापि, प्रधानमन्त्री शाहले के गर्लान् ? त्यो चासोको विषय छ । कतिपयले उनको आचरणगत प्रवृत्तिका आधारमा उनले संसद्लाई छल्न सक्ने भन्दै टिप्पणी गरिरहेका छन् । तर, आशा गरौं, उनले संसद् छल्ने छैनन् ।

अर्को, विगतको दृश्यले भन्छ– सांसदहरू आफ्नै पार्टीको लाइनभन्दा प्रतिनिधिसभा बैठकमा बाहिर बोल्न चाहँदैनन् । संसद्मा कानुन निर्माणमा हुँदा घनिभूत बहसमा उत्रिँदैनन् । बहसमा उत्रिहाले पनि तथ्य र तर्कभन्दा बढी नारामा सीमित हुन्छन् । यसपटक त्यस्तो नहोस् । यसपटक प्रतिनिधिसभामा विपक्षी निकै कमजोर छ । जब सत्तापक्ष शक्तिशाली हुन्छ, अधिनायकवादी चरित्र देखाउँछ । विपक्षी आवाज दबाएर अघि बढ्छ । त्यसो हुँदा जनहित र राष्ट्रहितविपरीत सरकार अघि बढ्ने जोखिम हुन्छ । त्यसका लागि विपक्षीहरू अंकगणितमा कमजोर भए पनि जनताको सवाल उठाउन र सरकारलाई 'क्रस चेक' गर्न पनि प्रभावशालीरूपमा प्रस्तुत हुनुपर्छ । अर्कोतर्फ, सभामुख दलीय छायाबाट मुक्त हुनैपर्छ । तटस्थ र निष्पक्ष सदनको नेताको छवि सभामुखले कायम गर्नुपर्छ । सभामुख 'दलीय कारिन्दा' भए सदनको गरिमा कायम रहँदैन ।

## श्रम सरोकार

# निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।

# बालअधिकारको अभ्यासमा शिक्षकको भूमिका



❑ नारदमुनि सिग्देल

"बालअधिकार कागजमा सीमित रहँदा अर्थहीन हुन्छ । यसको जीवन्तता कक्षाकोठामा देखिन्छ । शिक्षकको संवेदनशीलता, कानुनी चेतना र नैतिक प्रतिबद्धताले मात्र संविधानको आत्मालाई व्यवहारमा उतार्न सकिन्छ । जब शिक्षक बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर पढाउँछन्, तब कक्षाकोठा सुरक्षित बन्छ र कक्षाकोठा सुरक्षित भयो भने समाज न्यायपूर्ण, समावेशी र लोकतान्त्रिक बन्छ, विद्यालय लोकतन्त्रको अभ्यासस्थल बन्छ र समाज न्यायपूर्ण दिशातर्फ अघि बढ्छ । त्यसैले बालअधिकारको वास्तविक सुरूवात कक्षाकोठाबाट हुन्छ र यसको केन्द्रमा शिक्षक नै हुन्छ ।"

बालबालिका, शिक्षा र राष्ट्रको भविष्य बालबालिका कुनै पनि राष्ट्रका केवल भविष्यका नागरिकमात्र होइनन्, उनीहरू वर्तमानका पनि अधिकारयुक्त सदस्य हुन् । उनीहरूको शिक्षा, स्वास्थ्य, विकास, संरक्षण र सहभागिता सुनिश्चित गर्नु कुनै एक संस्था वा व्यक्तिकोमात्र जिम्मेवारी होइन; यो राज्य, समाज, परिवार र विद्यालयको साझा उत्तरदायित्व हो । विशेषगरी विद्यालय र शिक्षक बालबालिकासँग सबैभन्दा नजिक रहने सामाजिक संस्था र पात्र हुन् । त्यसैले बालअधिकारको व्यावहारिक कार्यान्वयन कक्षाकोठाबाट सुरु हुन्छ भन्ने कुरा अस्वीकार गर्न सकिँदैन ।

शिक्षक हुनु केवल पाठ्यपुस्तक पढाउने वा परीक्षा तयारी गराउने पेसामात्र होइन, शिक्षक सामाजिक रूपान्तरणका संवाहक पनि हुन् । कक्षाकोठामा शिक्षकले प्रयोग गर्ने भाषा, व्यवहार, अनुशासन र मूल्य मान्यताका दृष्टिले बालबालिकाको आत्मसम्मान, सोच्ने क्षमता, लोकतान्त्रिक चेतना र सामाजिक जिम्मेवारी विकासमा गहिरो प्रभाव पार्छ । यदि शिक्षक बालअधिकारप्रति संवेदनशील छन् भने कक्षाकोठा सुरक्षित बन्छ; कक्षाकोठा सुरक्षित भयो भने समाज पनि सुरक्षित बन्छ ।

## बालअधिकारको अवधारणाः कानुन, नैतिकता र मानवीय मूल्य

बालअधिकार भन्नाले बालबालिकाले जीवन, स्वास्थ्य, शिक्षा, सुरक्षा, विकास र सहभागिताका अवसर पाउने अधिकारहरूको समष्टि बुझिन्छ । यी अधिकारहरू कानुनीरूपमा सुनिश्चित भए पनि यसको जड मानवीय मूल्यमा निहित छ । बालबालिकालाई सम्मानका साथ हेर्ने, उनीहरूको कुरा सुन्ने, उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने र गल्तीलाई सिकाइको अवसरका रूपमा लिने संस्कार नै बालअधिकारको व्यावहारिक रूप हो ।

कानुनले बालअधिकारलाई परिभाषित र संरक्षण गर्छ, तर कानुनभन्दा अघि शिक्षकको नैतिक चेतना र संवेदनशीलता आवश्यक पर्छ । बालबालिकालाई डर देखाएर आज्ञाकारी बनाउनु सजिलो हुन सक्छ, तर यसले उनीहरूको सिर्जनशीलता र आत्मविश्वास नष्ट गर्छ । त्यसैले बालअधिकारलाई शिक्षकले केवल ऐन-कानुनको विषय नभई मानवीय दायित्वका रूपमा बुझ्नुपर्छ ।

## अन्तर्राष्ट्रिय परिप्रेक्ष्यः बालअधिकार महासन्धि (सिआरसी)

संयुक्त राष्ट्रसंघले सन् १९८९ मा पारित गरेको बालअधिकार महासन्धिले बालबालिकाका अधिकारलाई अन्तर्राष्ट्रिय कानुनी मान्यता दिएको छ । नेपालले यस महासन्धि १४ सेप्टेम्बर १९९० मा निःशर्त अनुमोदन गरेको हो । यस महासन्धिले १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका मानी उनीहरूको अधिकारको विस्तृत सूची प्रस्तुत गरेको छ ।

सिआरसीका चार आधारभूत सिद्धान्तहरू विश्वव्यापीरूपमा स्वीकार गरिएका छन् । पहिलो, भेदभावरहित अधिकार- कुनै पनि बालबालिका जाति, लिंग, भाषा, धर्म, अपांगता वा सामाजिक अवस्थाका आधारमा विभेदमा पर्नु हुँदैन । दोस्रो, बालबालिकाको सर्वोत्तम हित- बालबालिकासँग सम्बन्धित हरेक नीति, निर्णय र व्यवहारमा उनीहरूको दीर्घकालीन हितलाई पहिलो प्राथमिकता दिनुपर्छ । तेस्रो, दीर्घजीवन र विकासको अधिकार- स्वास्थ्य, पोषण, सुरक्षा र विकासका अवसर सुनिश्चित हुनुपर्छ । चौथो, बालबालिकाको विचारको सम्मान- उनीहरूको आवाज सुन्ने र निर्णय प्रक्रियामा सहभागी गराउने दायित्व राज्य र समाजको हो ।

## बालअधिकारका चार प्रमुख आयाम

बालअधिकारलाई व्यावहारिकरूपमा चार प्रमुख आयाममा बुझ्न सकिन्छ । पहिलो, बाँच्न पाउने अधिकार- सुरक्षित जन्म, जन्मदर्ता, स्वास्थ्य सेवा, पोषण र खोप । दोस्रो, संरक्षणको अधिकार- हिंसा, शोषण, बालश्रम, बालविवाह र जोखिमबाट सुरक्षा । तेस्रो, विकासको अधिकार- शिक्षा, खेलकुद, मानसिक, सामाजिक र बौद्धिक विकासका अवसर । चौथो, सहभागिताको अधिकार- परिवार, विद्यालय र समाजका निर्णय प्रक्रियामा बालबालिकाको सक्रिय सहभागिता गरी प्रमुख चार आयाममा हेर्न सकिन्छ ।

## शिक्षकः बालअधिकारका कर्तव्यवाहक

शिक्षक बालअधिकारका प्रत्यक्ष कर्तव्यवाहक हुन् । कक्षाकोठामा गरिने अनुशासन, मूल्यांकन, संवाद र व्यवहारले बालअधिकारको सम्मान वा उल्लंघन दुवै हुन सक्छ । शिक्षकले कानुन, संविधान र अन्तर्राष्ट्रिय मान्यतासँग परिचित भई आफ्नो दैनिक व्यवहार सुधार्नु अत्यन्त आवश्यक छ ।

## शिक्षकको भाषा र व्यवहार

कक्षाकोठामा प्रयोग हुने भाषा बालअधिकारको पहिलो ढोका हो । 'तँ', 'तिमी', 'तपाईं'जस्ता सम्बोधनमात्र होइन, भाव, स्वर र सन्दर्भ पनि महत्त्वपूर्ण हुन्छ । अपमानजनक शब्द, व्यंग्य, तुलना र डर देखाउने भाषा बालअधिकारको प्रत्यक्ष उल्लंघन हुन् । एक शिक्षकले प्रयोग गर्ने सम्मानजनक, प्रोत्साहनमूलक र सहानुभूतिपूर्ण भाषाले बालबालिकामा आत्मसम्मान र सिक्ने चाहना र सामाजिक चेतना विकास गर्छ । भाषा सुधार्नु कुनै अतिरिक्त बोझ होइन; यो शिक्षकको व्यावसायिक अनुशासन हो ।




## अन्य अन्तर्राष्ट्रिय कानुनी मान्यता

बालअधिकार महासन्धिका अतिरिक्त, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का बालश्रमसम्बन्धी सन्धिहरू (कन्भेन्सन नम्बर १३८ र १८२) ले जोखिमपूर्ण श्रममा बालबालिकालाई संलग्न गर्न निषेध गरेका छन् । त्यस्तै, महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्य गर्न सिइडिएडब्लूलगायतका मानवअधिकार महासन्धिहरूले कानुनी आधार प्रदान गरेका छन् । यी सबै अन्तर्राष्ट्रिय मान्यताले नेपाललाई बालअधिकार संरक्षणमा स्पष्ट दायित्व सुम्पिएका छन् ।

## नेपालको संवैधानिक व्यवस्थाः धारा ३९

नेपालको संविधानको भाग ३ अन्तर्गत धारा ३९ ले बालबालिकालाई मौलिक हकको रूपमा पहिचान, नाम, जन्मदर्ता, जीवन, स्वास्थ्य, शिक्षा, सुरक्षा, सहभागिता र विकासको अधिकार सुनिश्चित गरेको छ । संविधानले बालविवाह, बालश्रम, अपहरण, बेचबिखन, सैनिक वा सशस्त्र समूहमा प्रयोग तथा शारीरिक, मानसिक र यौनजन्य दुर्व्यवहारलाई स्पष्टरूपमा निषेध गरेको छ । संविधानले बालबालिकालाई केवल संरक्षणको विषय होइन, अधिकारयुक्त नागरिकका रूपमा हेरेको छ । यसले राज्यलाई नीति निर्माणदेखि कार्यान्वयनसम्म बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राख्न बाध्य बनाएको छ ।

## बालबालिकासम्बन्धी ऐन, २०७५

संविधानको मर्मलाई व्यवहारमा उतार्न बालबालिकासम्बन्धी ऐन, २०७५ लागू गरिएको छ । यस ऐनले १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका मानी उनीहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, मनोरञ्जन र विकासको विस्तृत कानुनी व्यवस्था गरेको छ । ऐनका प्रमुख प्रावधानहरूमा बालश्रम र बालविवाह निषेध, हिंसा र दुर्व्यवहारविरुद्ध कडा सजाय, बालमैत्री न्याय प्रणाली, जोखिममा रहेका बालबालिकाका लागि विशेष सुरक्षा तथा अपहरण र बेचबिखनविरुद्ध कानुनी संरक्षण पर्दछन् । यस ऐनले शिक्षक, अभिभावक र राज्य सबैलाई स्पष्ट जिम्मेवारी तोकेको छ ।

## बालमैत्री कक्षाकोठा र सकारात्मक अनुशासन

बालमैत्री कक्षाकोठा सुरक्षित, समावेशी र भेदभावरहित हुनुपर्छ । शारीरिक तथा मानसिक दण्ड कानुनीरूपमा निषेधमात्र होइन, नैतिकरूपमा पनि अस्वीकार्य छ । यसको विकल्प सकारात्मक अनुशासन हो, जसले संवाद, समझदारी र आत्मनियन्त्रण विकासमा सहयोग गर्छ ।

## बाल सहभागिता र लोकतान्त्रिक अभ्यास

बाल सहभागिता भनेको नियन्त्रण छोड्नु होइन; मार्गदर्शन गर्दै सुन्ने संस्कार विकास गर्नु हो । जब बालबालिकाले आफ्नो विचार राख्न पाउँछन्, तब उनीहरू जिम्मेवार, आत्मविश्वासी र लोकतान्त्रिक नागरिक बन्छन् ।

## सामाजिक चुनौतीहरू

नेपालमा बालश्रम, बालविवाह, गरिबी, हिंसा, शिक्षा र स्वास्थ्य सेवामा असमानता अझै विद्यमान छन् । यी समस्याले बालअधिकारको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याइरहेका छन् ।

## शिक्षक र समुदायको सहकार्य

शिक्षक एक्लैले बालअधिकार सुनिश्चित गर्न सक्दैनन् । अभिभावक, समुदाय र स्थानीय सरकारसँग सहकार्य आवश्यक हुन्छ । दोषारोपण होइन, संवाद र सहकार्य नै दिगो समाधान हो ।

## नीति र व्यवहारबीचको दूरी

नेपालमा नीति र कानुन पर्याप्त छन्, तर कार्यान्वयन कमजोर छ । शिक्षकका लागि नियमित तालिम, अनुगमन र संस्थागत समर्थन आवश्यक छ ।

## बालबालिकाको सर्वोत्तम हितः संवैधानिक सिद्धान्त र शिक्षण व्यवहार

बालबालिकाको सर्वोत्तम हित नेपालको संविधान, अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि र बालबालिकासम्बन्धी ऐन, २०७५ को मूल आत्मा हो । यो सिद्धान्तले बालबालिकासँग सम्बन्धित हरेक निर्णय, नीति र व्यवहारमा बालबालिकाको हित पहिलो प्राथमिकता हुनुपर्छ भन्ने स्पष्ट सन्देश दिन्छ । शिक्षकका लागि यो सिद्धान्त कक्षाकोठामा प्रत्यक्ष लागू हुने नैतिक र कानुनी दायित्व हो । शिक्षकले मूल्यांकन, अनुशासन, सहभागिता, अतिरिक्त क्रियाकलाप वा परामर्शका हरेक निर्णय गर्दा 'यसले बालबालिकाको समग्र विकासमा कस्तो प्रभाव पार्छ ?' भन्ने प्रश्न आफैंलाई सोध्नुपर्छ । बालबालिकाको सर्वोत्तम हित कुनै अमूर्त कानुनी शब्दावली होइन; यो कक्षाकोठाको दैनिक व्यवहारमा प्रकट हुने व्यावहारिक मार्गदर्शन हो ।

## अन्तर्राष्ट्रिय महासन्धि र नेपालको दायित्व

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि (सिआरसी)मा नेपालले हस्ताक्षर गरेको राष्ट्रका रूपमा बालबालिकाको संरक्षण, विकास, सहभागिता र भेदभावरहित व्यवहार सुनिश्चित गर्नु राज्यको दायित्व हो । यी अन्तर्राष्ट्रिय दायित्वहरू शिक्षकमार्फत व्यवहारमा रूपान्तरण हुन्छन् । शिक्षकले बालबालिकाको आवाज सुन्ने, उनीहरूको विचारको सम्मान गर्ने र निर्णय प्रक्रियामा सहभागी गराउने अभ्यास गरेमामात्र अन्तर्राष्ट्रिय प्रतिबद्धता सार्थक हुन्छ ।

## शिक्षकको पेसागत नैतिकता र कानुनी उत्तरदायित्व

शिक्षक केवल ज्ञान दिने व्यक्तिमात्र होइन; उनीहरू त बालबालिकाहरूको जीवनको मार्गदर्शक र संरक्षक पनि हुन् । त्यसैले शिक्षकको पेसागत नैतिकता बालअधिकारसँग गहिरोरूपमा जोडिएको हुन्छ । बालबालिकासँग हुने कुनै पनि प्रकारको दुर्व्यवहार, उपेक्षा वा भेदभाव केवल नैतिक कमजोरीमात्र होइन, कानुनी अपराध पनि हुन सक्छ । कानुनको ज्ञानले शिक्षकलाई डराउने होइन, जिम्मेवार बनाउने उद्देश्य राख्छ ।

## समावेशी शिक्षा र विशेष आवश्यकता भएका बालबालिका

बालअधिकारको अभ्यास तबमात्र पूर्ण हुन्छ, जब विशेष आवश्यकता भएका, अपांगता भएका, भाषिक वा सामाजिकरूपमा पिछडिएका बालबालिकालाई पनि समान अवसर सुनिश्चित गरिन्छ । समावेशी शिक्षाले सबै बालबालिकालाई एउटै ढाँचामा होइन, उनीहरूको आवश्यकताअनुसार सहयोग गर्ने दृष्टिकोण माग गर्छ । शिक्षकले सहानुभूति, लचकता र सिर्जनशीलता अपनाएमा कक्षाकोठा सबैका लागि सुरक्षित स्थान बन्न सक्छ ।

## डिजिटल युग र बालअधिकार

आजको डिजिटल युगमा बालअधिकारको चुनौती कक्षाकोठाभन्दा बाहिर पनि फैलिएको छ । अनलाइन कक्षा, सामाजिक सञ्जाल र डिजिटल सामग्रीले बालबालिकाको सिकाइलाई सजिलो बनाएको छ, तर जोखिम पनि बढाएको छ । साइबर दुर्व्यवहार, गोपनीयताको उल्लंघन र डिजिटल लतजस्ता विषयमा शिक्षक सचेत हुनुपर्छ । डिजिटल साक्षरतासँगै डिजिटल नैतिकता सिकाउनु आजको आवश्यकता हो ।

## शिक्षक तालिम र संस्थागत सहयोग

बालअधिकार व्यवहारमा उतार्न शिक्षकलाई निरन्तर तालिम आवश्यक छ । कानुन, मनोविज्ञान, सकारात्मक अनुशासन र बालमैत्री शिक्षण विधिमा अद्यावधिक तालिमविना शिक्षकबाट ठूलो अपेक्षा गर्नु व्यावहारिक हुँदैन । विद्यालय प्रशासन, स्थानीय तह र राज्यले शिक्षकलाई आवश्यक स्रोत र सहयोग उपलब्ध गराउनुपर्छ ।

## निष्कर्ष

अन्ततः बालअधिकार कागजमा सीमित रहँदा अर्थहीन हुन्छ । यसको जीवन्तता कक्षाकोठामा देखिन्छ । शिक्षकको संवेदनशीलता, कानुनी चेतना र नैतिक प्रतिबद्धताले मात्र संविधानको आत्मालाई व्यवहारमा उतार्न सकिन्छ । जब शिक्षक बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर पढाउँछन्, तब कक्षाकोठा सुरक्षित बन्छ र कक्षाकोठा सुरक्षित भयो भने समाज न्यायपूर्ण, समावेशी र लोकतान्त्रिक बन्छ, विद्यालय लोकतन्त्रको अभ्यासस्थल बन्छ र समाज न्यायपूर्ण दिशातर्फ अघि बढ्छ । त्यसैले बालअधिकारको वास्तविक सुरुवात कक्षाकोठाबाट हुन्छ र यसको केन्द्रमा शिक्षक नै हुन्छ ।

*(लेखक सिग्देल अधिवक्ता हुन्, कानुन व्यवसायसँगै उनी अध्यापनमा संलग्न छन्)*

# हिउँदमा पनि रोकिएन कर्णाली नदी कटानको जोखिम



**टीकापुर (कैलाली)**– टीकापुर-५ स्थित टीकापुर बृहत् उद्यान कर्णाली नदी कटानको जोखिममा रहेको छ । चैतमा पनि कर्णाली नदीले उद्यानको पिकनिकस्थलतिर तीव्र कटान भइरहेको छ ।

कर्णाली नदीले पानीको धार परिवर्तन गर्दा टीकापुर बृहत् उद्यान क्षेत्रमा नदी कटान तीव्र भइरहेको स्थानीयले बताएका छन् । 'बर्खा लागेमा नदी उद्यान हुँदै बस्तीमा पस्ने जोखिम बढेकाले समयमै नियन्त्रणका लागि काम गर्नुपर्ने देखिएको छ,' स्थानीय सिंहराज बुढामगरले भने, 'चैतमा यसरी कटान गरिरहेको नदीले बर्खा लागेमा बस्ती जोखिममा पार्छ । नदीले सिधै पार्क क्षेत्र कटान गरिरहेको छ । यही हिसाबले कटान भए बर्खामा पार्क हुँदै बस्ती सखाप हुन्छ ।'

पार्कको वनभोजस्थलदेखि ५०० मिटर उत्तरतर्फ कर्णाली नदीले बर्दियाको सिमानातर्फ ढुंगा, गिट्टी, बालुवा थुप्रिई टापुजस्तै बनाएको छ । नदीको बहाव टीकापुरतर्फ बगिरहेको र टीकापुरतर्फ नदीमा पक्की तटबन्धसमेत नभएकाले थुप्रेर रहेका ढुंगा, गिट्टी, बालुवा सफाइ नगरेमा यस वर्षको मनसुनमा टीकापुरतर्फ नदीले कटान गरी बस्तीमा नदी पस्ने उच्च जोखिम देखिएको प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले बताए ।

'पालिकाको आफ्नै स्रोत नभएकाले नदी सफाइ तथा पक्की तटबन्ध गर्न सक्ने अवस्था छैन । समस्या समाधान तथा बृहत उद्यान र बस्ती जोगाउनका लागि अहिले नै काम गर्नुपर्ने देखिन्छ,' धितालले भने, 'आवश्यक व्यवस्था गरिदिन माग गर्दै जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरी पठाएका छौं ।'

नगरपालिका बर्सेनि कर्णाली नदी कटानको जोखिम झेल्दै आएको छ । कर्णालीमा रानी जमरा कुलरिया सिँचाइ आयोजनाले नदी नियन्त्रणका लागि विभिन्न ठाउँमा तटबन्ध निर्माण गरेको छ । सिँचाइले निर्माण गरेका तटबन्ध तारजालीका भएकाले यसको दिगोपनामा पनि समस्या देखिएको छ ।

टीकापुर नगरपालिका-८ का वडाध्यक्ष दीर्घबहादुर ठकुल्लाका अनुसार टीकापुरको वडा नं ५ पार्क क्षेत्र, वडा नं ७ मा सत्ती कर्णाली सामुदायिक वन क्षेत्रलगायत ठाउँ बर्सेनि कटान भइरहेका छन् । सिँचाइ आयोजनाले विगतमा गर्ने तारजालीको तटबन्ध दिगो नभएपछि अहिले ठूला ढुंगा (बिग बोल्डर) हाल्ने गरेको छ । तर पछिल्ला दुई वर्षयता यहाँ लगानी छैन । नदी कटान बढ्दै गएको तर आयोजनाले लगानी गर्न छोड्दा नदी नियन्त्रण समस्या भइरहेको छ ।

सिँचाइ आयोजनाका सूचना अधिकारी रामकृष्ण घोरासैनीले विगतमा तारजालीबाट गरिने तटबन्ध दिगो नभएपछि अहिले तटबन्धको स्वरूप परिवर्तन गरिएको बताए । 'विगतमा कर्णाली नदीमा दर्जनौं ठाउँमा तटबन्धको काम भएको छ । विश्व बैंकको सहयोग नभएपछि तेस्रो 'फेज'मा कर्णाली नदीमा खासै काम छैन, इन्टेकसहित तीन ठाउँमा तटबन्धको काम चलिरहेको छ,' उनी भन्छन्, 'आयोजनासँग पनि बजेट कम छ । पुराना ठेक्का लागेका समयमै निर्माण व्यवसायीले काम नसकेका ठाउँमा निर्माण भइरहेको छ ।'

सिँचाइ आयोजनाले सिँचाइ विस्तारका लागि कर्णाली नदीको चिसापानीमा इन्टेक र मुख्य नहर निर्माण, फिडर नहर निर्माण, जलविद्युत् निर्माण, डिभिजन बक्स र आउटलेट सुधार कार्य, सिञ्चित क्षेत्र बचाउ तथा सुरक्षा, सामाजिक सुरक्षा र पर्यावरण संरक्षण, पानी व्यवस्थापन, नयाँ शाखा नहर निर्माणका क्षेत्रमा काम गरिसकेको छ ।

कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले नदी स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय भई आएमा जिल्ला विपद् व्यवस्थापन समितिमा छलफल गरी आवश्यकताअनुसार जनधनको क्षतिबाट बस्ती जोगाउन पहल हुने बताए । 'हामी सबै क्षेत्रसँग छलफल गरी उचित निकासका निर्णय गरेर पहल गर्छौं, विपद्बाट रोकथामका लागि सम्बन्धित निकायमा कार्यान्वयन गर्नेतिर पहल गर्छौं,' उनले भने, 'कैलालीका नदीहरूमा अहिले भइरहेका तटबन्धको दिगोपनाका लागि पनि संवेदनशील हुन अनुरोध गरेका छौं ।'

कर्णाली नदी कैलाली र बर्दियाको सीमामा भएकाले अन्तरजिल्ला समन्वय समितिबाट छलफल गरी आपसी समझदारीबाट विपद् व्यवस्थापनमा काम हुने प्रजिअ रेग्मीले बताए । *रासस*

# बिचौलियालाई यातायात व्यवस्था कार्यालयमा प्रवेश निषेध

**कञ्चनपुर**– यातायात व्यवस्था कार्यालय महेन्द्रनगरले कार्यालय परिसरभित्र बिचौलियाको प्रवेश पूर्णरूपमा निषेध गरेको छ । सेवाग्राहीलाई अनावश्यक दुःख, हैरानी तथा आर्थिक ठगी हुन थालेको गुनासो बढेपछि कार्यालयले औपचारिक सूचना जारी गर्दै यस्तो निर्णय गरेको हो ।

कार्यालयका निमित्त प्रमुख रवीन्द्र चौधरीका अनुसार केही व्यक्तिहरूले सवारीसाधनको बीमा बनाइदिने, नवीकरण गरिदिने, निरोगिता प्रमाणपत्र बनाइदिनेलगायत काम गरिदिने भन्दै सेवाग्राहीलाई प्रलोभनमा पार्ने, अतिरिक्त रकम लिने तथा हैरानी दिने गरेको जनगुनासो कार्यालयमा पटकपटक आएपछि बिचौलियालाई कार्यालय प्रवेशमा रोक लगाइएको छ ।

यस्ता गतिविधिले कार्यालयबाट प्रवाह हुने सेवामा अव्यवस्था र ढिलासुस्तीसमेत हुने गरेको उनको भनाइ छ । यदि कसैले यस्तो कार्य गरेको पाइएमा वा निषेध गरिएको क्षेत्रमा प्रवेश गरी सेवाग्राहीलाई दुःख दिएमा कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइने उनले उल्लेख गरे ।

यातायात व्यवस्था कार्यालयले सेवाग्राहीलाई आफ्नो कामका लागि सिधै कार्यालयको सम्बन्धित शाखा वा कर्मचारीसँग सम्पर्क गर्न आग्रह गरेको छ । कार्यालयले कुनै पनि सेवा लिन बिचौलियाको आवश्यकता नपर्ने र तोकिएको शुल्कबाहेक अतिरिक्त रकम नतिर्न सेवाग्राहीलाई अनुरोध गरेको छ । सेवाग्राहीलाई सहज, छिटो र पारदर्शी सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो कदम चालिएको निमित्त कार्यालय प्रमुख चौधरीले बताए । उनले बिचौलिया नियन्त्रण भएपछि सेवाग्राहीले अनावश्यक झण्झट र अतिरिक्त खर्चबाट मुक्ति पाउने तथा सेवा प्रवाह थप व्यवस्थित हुने अपेक्षा गरिएको बताए । *रासस*


Gandaki Province Government

Ministry of Physical Infrastructure Development and Transport Management

**Infrastructure Development Office**

Kushma, Parbat

**Notice of Intent to Award The Bid**

Date of publication: 2082/12/19 BS

Pursuant to Sub Clauses 27.2 and 47 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids as per the notice published in the e-GP portal www.bolpatra.gov.np/egp on 2082/11/12 BS that we intend to award the contract to the respective Lowest Evaluated Substantially Responsive Bidders as presented in the following table.

| S. N. | Name of the Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including PS &VAT) |
|---|---|---|---|---|
| 1 | Construction/Upgrading of Charkang - Setibeni - Taklak - Chandrakot - Dandakharka - Dubindanda - Parabt Syagja Road, Bihadi, Parbat | IDO/PAR/NCB/W/41/082-83 | Paiyu Kalika Suppliers and Construction Pvt. Ltd., Paiyun -4, Parbat | 41,04,804.27 |
| 2 | Construction/Upgrading of Kushma Deurali to Botgaun Godam Tundikhel Road, Kushma - 7 And Kuwartol - Saunepani - Kharibot - Khatridanda - Bhagari Road Modi -6, Parbat | IDO/PAR/NCB/W/42/082-83 | H and S Brothers Nirman Sewa, Modi -5, Parbat | 45,86,519.77 |
| 3 | Construction/Upgrading of Dandathok - Lamsalthar - Saradikhola - Chitre Road, Modi, Parbat / Lunkhu Deurali Bazar to Ghumti Road, Mahashila -5, / Bungee to Kaligandaki Corridor Road and Sewage Management, Kushma | IDO/PAR/NCB/W/44/082-83 | Pra.a Construction Sewa Udhyog, Modi -6, Parbat | 72,74,157.76 |



**मलेसियामा रोजगार**

कम्पनी : DCH CONTRACT MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 340272 | चलानी नं. ६०२५३७३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 16 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : F & N ICE CREAM MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 340273 | चलानी नं. ६०२५३७३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २६ गते (9th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.**

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292

E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

श्रम ईजाजत नं. ३८५/०५९/०६०



Bagmati Province Government

Ministry of Health

Health Directorate

Methinkot Hospital

Bhakundebesi, Kavre

**Invitation for Sealed Quotation Procurement of Machinery**

SQ No: MH/G/SQ-01/2082-83

Date of publication: 2082/12/19 (2nd April, 2026)

The Methinkot Hospital invites sealed quotation from eligible bidders for the Procurement of **Machinery Item under sealed quotation procedures specified in Public Procurement Act and Regulations.**. Eligible Bidders may obtain further information and inspect the quotation document at the office of Methinkot Hospital, Bhakundebesi, Kavre, PhoneNo:977-011404095, email address:methinkothospital@gmail.com or may visit PPMO egp system: www.bolpatra.gov.np/egp.

Medical Superintendent

Methinkot Hospital



**कावासोती नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**शिवमन्दिर नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

**सहायक सङ्गीत शिक्षकको लागि दरखास्त आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१९)

यस कावासोती नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सङ्गीत शिक्षा अध्यापन तथा सीप सिकाउन नगर स्तरीय सहायक सङ्गीत शिक्षक छनौटको लागि योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र देहायका आवश्यक कागजातहरु निवेदक स्वयंले प्रमाणित गरी यस पालिकामा रितपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | आवश्यक (माग) संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| १ | ६/०८२/८३ | सहायक सङ्गीत शिक्षक | १ (एक) | १०००/- |

१. **दरखास्त दिने अन्तिम मिति: २०८३/०१/०३**

२. **आवश्यक न्यूनतम योग्यता:-**
- नेपाली नागरिक
- एक्काइस बर्ष उमेर पूरा भएको
- कम्तिमा १० कक्षा पास भएको
- प्रचलित कानूनले अयोग्य नभएको ।

३. **छनौटका आधारहरू:-**
- न्यूनतम शैक्षिक योग्यता
- माथिल्लो शैक्षिक योग्यता
- बासिन्दाको आधार
- अन्तरवार्ता
- सङ्गीत र बाद्यबाधनमा कार्य अनुभव
- सङ्गीत र बाद्यबाधनमा सीप परीक्षण
- सामान्य लिखित परीक्षा
- **आवेदनका साथ पेश गर्नुपर्ने अन्य कागजातहरु:** व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, अनुभव तथा तालिमको प्रमाणित प्रतिलिपी, दरखास्त दस्तुर बुझाएको नगदी रसिद र २ प्रति पासपोर्ट साईजको फोटो ।
- **पारिश्रमिक तथा सुविधा:-** प्राथमिक तह तृतीय श्रेणीको सुरू स्केल बराबरको मासिक तलव ।
- परीक्षा मिति पछि प्रकाशन गरिने छ ।

**पुनश्चः-** दरखास्त फाराम नगरपालिकाको Website: www.kawasotimun.gov.np मा उपलब्ध छ । कावासोती नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सहायक सङ्गीत शिक्षक छनौटका आधारहरु यसै साथ संलग्न छ । अन्य जानकारीको लागि कावासोती नगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

**सहायक सङ्गीत शिक्षक छनौट मूल्यांकनको आधारहरू:**

१. **शैक्षिक योग्यता- ५ अंक**
(क) न्यूनतम शैक्षिक योग्यता-३ अंक (प्रथम श्रेणी-३, द्वितिय श्रेणी-२, तृतिय श्रेणी-१)
(ख) माथिल्लो शैक्षिक योग्यता-२ अंक (प्रथम श्रेणी-२, द्वितिय श्रेणी-१)

२. **सामान्य लिखित परीक्षा-२० अंक (अति छोटो प्रश्न ४ वटा-४ अंक), छोटो प्रश्न ४ वटा-८ अंक), लामो प्रश्न २ वटा-८ अंक)**

३. **सीप परीक्षण-४० अंक (मादल वादन सीप परीक्षण-२० अंक मध्ये-झ्याउरे-१० र ख्याली-१०, हार्मोनियम वादन सीप परीक्षण-२० अंक मध्ये सरगम-१० , कर्ड-५ र राग-५)**
(क) कावासोती नगरमा स्थायी बासिन्दा:-५ अंक
(ख) अन्तरवार्ता:- २० अंक
(ग) बाद्यवादन सम्बन्धी कुनै संस्थामा कार्य अनुभव भएमा वर्षको एक अंकका दरले:- १० अंक

**छनौट समिति**

**कावासोती नगरपालिका**

# प्रभाव दैनिक

बिहीबार, १९ चैत २०८२ (Thursday, 02 April 2026)


रूपशाला

### अकृतिलाई 'द नेसनल डिजाइनर रन वे २०२६'को उपाधि

महिला फेसन डिजाइनरहरू प्रति केन्द्रित 'द नेसनल डिजाइनर रन वे २०२६' को उपाधि अकृति श्रेष्ठले जितेकी छन् । उनले उपाधिसँगै २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरिन् । त्यस्तै अनिशा थापा 'फस्ट रनर अप' र युनिका राई 'सेकेन्ड रनर अप' भए । अर्की प्रतिस्पर्धी सम्फना केसी 'मस्ट पपुलर', विविका पौडेल आत्मविश्वासी र आकर्षक वाकका साथ 'बेस्ट रनवे मोडल' बने । एभेन्टोज नेपाल तथा युवा उद्यमी डेभिल सिंह राजपूतको नेतृत्वमा आयोजना गरिएको यस वर्षको संस्करणमा विशेष रूपमा महिला फेसन डिजाइनर विशेष थियो ।



## सोलो रिलिज हुँदै 'राम नाम सत्य' दिव्या भन्छिन्- फिल्म गज्जब बनेको छ



■ प्रभाव संवाददाता

**काठमाडौं–** चैत्रको २७ गते नयाँ वर्षको छेको पारेर रिलिज हुन लागेको फिल्म 'राम नाम सत्य' चर्चामा छ । यो फिल्म चैत्र २७ गते सोलो रिलिज हुने पक्का भएको छ । यो मितिमा आउने भनिएका अन्य नेपाली फिल्म अब पोष्टपोन्ड भएपछि माइकल चन्द निर्देशित फिल्मले सोलो रिलिजको अवसर पाएको हो । फिल्ममा समावेश 'धागोले बाटेको, हुम्लाको लिमी' बोलको गीत चर्चामा छ । यस्तै, फिल्मको टिजरले पनि दर्शकको साथ पाइरहेको छ ।

यो फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, सुपुष्पा भट्ट, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, खुशी कार्की, सुनिल थापा, प्रशान्त ताम्राकार, दिनेश डीसी लगायतका कलाकारहरूको अभिनय छ ।

यसैबिच, नायिका दिव्या रायमाझीले फिल्म 'राम नाम सत्य'लाई लिएर आफ्नो उत्साह व्यक्त गरेकी छिन् । दिव्या भन्छिन्–'म फिल्मलाई लिएर निकै उत्साहित छु । मैले पहिले गरेको काम भन्दा भिन्न तरिकाले म आएको छु । काम पनि मैले धेरै देखाउन पाएको छु ।' फिल्ममा दिव्याले आधुनिक राजकुमारीको भूमिकामा देखिन लागेको खुलासा गरिन् । दिव्या भन्छिन्–'फिल्ममा एक्सन भरपुर छ । तर, यो एक्सन फिल्म मात्र होइन । यसमा इमोशन छ, सस्पेन्स छ, प्रेम छ । सबै कुरा मिलेर एउटा उत्कृष्ट फिल्म बनेको छ ।'

दिव्याले फिल्म गज्जब बनेको बताउँदै भनिन्–'मैले मेरो फिल्म भनेर भनेको होइन । फिल्म एकदमै राम्रो बनेको छ । दर्शकले यो फिल्म हेरेर भरपुर मनोरञ्जन लिनुहुन्छ भन्ने विश्वास छ ।' यो फिल्ममा दिव्या सुशीलको जोडीको रूपमा छिन् । दिव्याले सुशीलसँग काम गर्न निकै सहज भएको खुलाइन् । माइकल चन्दको पटकथा तथा संवादसमेत रहेको यो फिल्ममा उपेन्द्र शाही र श्वेता बिमलीको लगानी छ ।

## चार दिने महिला चलचित्र महोत्सव सुरू

**काठमाडौं (प्रस)–** चलचित्र विकास बोर्डको आयोजनामा ४ दिने महिला चलचित्र महोत्सव सुरु भएको छ । महिला सशक्तीकरण गर्ने उद्देश्यसहित आयोजित महोत्सव २० चैतसम्म चल्नेछ । महोत्सवमा महिला विषयमा आधारित चलचित्र 'कुमारी' र 'जीवन काँडाकी फूल' प्रदर्शन, अन्तरक्रिया, सम्मान तथा विशेष सांस्कृतिक कार्यक्रम समावेश गरिएका छन् । महोत्सवअन्तर्गत पहिलो दिन महिला चलचित्रकर्मी सशक्तिकरण समितिको परिचयात्मक भिडियो प्रदर्शन, चलचित्र 'कुमारी' का कलाकारसँग अन्तरक्रिया, तथा फिल्म 'कुमारी प्रदर्शन, चलचित्रबारे अनुभव आदानप्रदान तथा कुमारी चलचित्र टिमको लाइभ पोर्ट्रेट प्रस्तुति सम्पन्न भएको छ ।

कार्यक्रममा नेपालकी 'प्रथम नायिका' भुवन चन्दको प्रमुख आतिथ्यता थियो । साथै चैत्यदेवी सिंह, प्रेम बस्न्यात, विष्णुगोपाल श्रेष्ठ, लक्ष्मी श्रेष्ठ लगायतको उपस्थिति थियो । महोत्सवमा विभिन्न स्रष्टा, कलाकार, निर्देशक तथा सरोकारवालाबीच अनुभव आदानप्रदान र अन्तरक्रियाका कार्यक्रम पनि समावेश गरिएको छ । चलचित्र विकास बोर्डले यो महोत्सवमार्फत नेपाली चलचित्र क्षेत्रमा महिलाको योगदान, संघर्ष, सिर्जना र नेतृत्वलाई थप उजागर गर्दै महिला सशक्तीकरणको सन्देश प्रवाह गर्ने उद्देश्य राखेको जनाएको छ । कार्यक्रममा बोल्दै बोर्ड अध्यक्ष दिनेश डीसीले नेपाली चलचित्र क्षेत्रमा महिलाको भूमिका केवल अभिनय वा प्रस्तुतिमा सीमित नभई सिर्जना, नेतृत्व, व्यवस्थापन र सामाजिक रूपान्तरणसम्म फैलिएको उल्लेख गरे । उनले महिला चलचित्रकर्मीको क्षमता, योगदान र संघर्षलाई संस्थागत रूपमा सम्मान गर्दै यस्ता महोत्सवले नयाँ पुस्तालाई प्रेरणा दिने विश्वास व्यक्त गरे । साथै, चलचित्र क्षेत्रलाई अझ समावेशी, सशक्त र मर्यादित बनाउन बोर्ड निरन्तर प्रतिबद्ध रहेको बताए ।

## 'लोक दोहोरी स्टार'को उपाधि निशालाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सांगीतिक रियालिटी शो 'लोक दोहोरी स्टार सिजन १' को उपाधि निशा लामाले जितेकी छन् ।

राजधानीमा भएको ग्राण्ड फिनालेमा शीर्ष उपाधि जित्दै उनले १० लाख रूपैंयाँ नगद पुरस्कार पाइन् । शोमा मानव रावत क्षेत्री दोस्रो र लिलबहादुर थापा तेस्रो बने । फिनालेमा टप ८ फाइनलिस्टहरूले मञ्चमा उत्कृष्ट प्रस्तुति दिएका थिए ।

एभेन्टोज नेपाल र एभेन्टोज डिजिटलले आयोजना गरेको शोको निर्देशन माधवराज खरेलले गरेका थिए । आयोजक समितिका प्रमुख तथा निर्माता डेविल सिंह राजपुत, यादव बहादुर थापा र परमानन्द चौधरीको नेतृत्वमा भएको कार्यक्रमको व्यवस्थापनको जिम्मेवारी शैलेश नेपालीले सम्हालेका थिए । फिनालेमा रिता थापा मगर, राजु ढकाल, चन्द्र शर्मा, अमृत खाती निर्णायक थिए । कार्यक्रमको होस्ट रोजिन शाक्य र मुना अर्याल थिए ।

## सऱ्यो रेखाको फिल्म '३६ को आँकडा'

**काठमाडौं (प्रस)–** फिल्म '३६ को आँकडा'को प्रदर्शन सार्ने भएको छ । चैत २७ गतेलाई प्रदर्शन मिति तोकिएको फिल्मको प्राविधिक काम अझै बाँकी रहेको कारण फिल्म सर्ने भएको हो ।

निर्देशक सबिर श्रेष्ठले फिल्मको प्राविधिक काम नसकिएको कारण फिल्मको प्रदर्शन सार्ने बताए । 'फिल्मको अझै ब्याकग्राउड म्युजिक लगायत थुप्रै प्राविधिक काम बाँकी छ । जसले गर्दा फिल्म निर्धारित मितिमा प्रदर्शन गर्न नसकिने भइयो', श्रेष्ठले भने, 'अब काम सकिएपछि निर्माताहरूसँग सल्लाह गरेर मिति तोक्छौं ।'



फिल्मको प्रदर्शन रोकिएसँगै अभिनेत्री रेखा थापा र निर्देशक सबिर श्रेष्ठबिचको सम्बन्ध चिसिएको चर्चा फिल्म क्षेत्रमा छ । तर यस विषयमा दुवैले बोल्न चाहेनन् ।

चैत २७ को मितिबाट टसमस नहुने अडानका साथ निर्माण जुटेको फिल्ममा रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निरुता सिंहको मुख्य अभिनय छ। यसअघि रेखा र निरुताले फिल्म 'दुई पल'मा अभिनय गरेका छन् । फिल्म रेखा थापाले बनाएकी हुन् । '३६ को आँकडा' २७ चैतबाट बाहिरिएपछि सोही मितिमा प्रदर्शन हुने अन्य दुई फिल्म विराज भट्टको 'राम नाम सत्य' र सागर लम्साल (बले) को 'डल्लेले इन्ट्री माऱ्यो'लाई राहत मिलेको छ ।

रंगशाला

साफ यू-२० च्याम्पियनसिप

## सेमिफाइनलबाट बाहिरियो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल साफ यु-२० च्याम्पियनसिपबाट बाहिरिएको छ । बुधबार सेमिफाइनलमा बंगलादेशसँग १-० ले पराजित भएसँगै नेपालको यात्रा टुंगिएको हो ।

मलेशियाको राजधानी मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा बंगलादेशलाई जित दिलाउन फरवार्ड मोहम्मद मानिकले निर्णायक गोल गरे । अब बंगलादेशले शुक्रबार हुने फाइनलमा भुटान र भारतबीचको विजेतासँग खेल्नेछ ।

पहिलो हाफमा बंगलादेशको आक्रमणसामू नेपाली रक्षापङक्ति निरीह देखिएको छ । नेपालले टेम्पो नियन्त्रण गर्न नपाउँदै खेलको ११औं मिनेटमा गोल खान पुग्यो । बंगलादेशले कर्नरलाई सदुपयोग गर्दै चलाखीपूर्ण ढंगमा गोल गर्यो । मानिकले मुर्सद अलीको पासमा बललाई हेडरमार्फत जाली चुमाए ।

अग्रता लिएको एक मिनेट पनि बित्न नपाउँदै फरवार्ड रोनान सुलेभानले अर्को गोल गरे । तर, लाइन्सम्यानले उक्त गोललाई मान्यता दिएन । मानिकले लेफ्ट साइडबाट दिएको पासलाई बक्सभित्र विपक्षी खेलाडीबाट निगरानीमा नरहेका सुलेभानले बललाई नियन्त्रणमा लिँदै गोल गरेका थिए । तर, उनी अफसाइड हुन पुगे ।



गत संस्करण कप्तानको आर्मब्यान्ड लगाएका नजमुद हुदा फैजल दुईपटक गोलको निकै करिब रहे । अग्रता लिनुअघि सातौं मिनेटमा उनको प्रहारले पोस्टको दिशा लिन सकेन । २१औं मिनेटमा फैजलको सानदार हेडरलाई नेपाली गोलकिपर पेम्बा नोर्बु भोटेले सानदार ढंगले बचाए ।

नेपालले पनि करिब आधा दर्जन सेटपीस अवसर पाएको थियो । तर, खतरा भने बुन्न सकेन । दोस्रो हाफमा नेपालले अवसरहरू सिर्जना गर्ने कोशिस गरेको थियो । तर, बंगलादेश रक्षात्मक रूपमा कम्प्याक्ट रहँदा नेपालले गोलको नजिक पुग्न सकेन ।

नेपाल लगातार दोस्रोपटक सेमिफाइनलमा बंगलादेशसँग पराजित भएको हो । अघिल्लो संस्करण भारतमा सम्पन्न साफ यु-१९ च्याम्पियनसिपमा नेपाल २-१ ले पराजित भएको थियो । माथिल्लो उमेर समूहमा बंगलादेशविरुद्ध नेपालको यो तेस्रो हार हो । सन् २०२४ मा ललितपुरमा सम्पन्न साफ यु-२० च्याम्पियनसिपको फाइनलमा बंगलादेशले नेपाललाई ४-१ ले हराएको थियो । त्यो नेपालविरुद्ध बंगलादेशको ऐतिहासिक पहिलो जित थियो ।


## अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.ले China बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्राबिक्री मूल्य (MRP) निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

तपसिल

| S. No. | Description of Goods | Type | Size | Brand | Country of origin | Unit | Per Unit (Price) | MRP (Rs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OL1.0N26 | Air Conditioner | 1 Ton | OLIVE | China | PCS | 46900.00 | 46900.00 | |
| 2 | OL1.0INV26 | Air Conditioner | 1 Ton | OLIVE | China | PCS | 52900.00 | 52900.00 | |
| 3 | OL1.5INV26 | Air Conditioner | 1.5 Ton | OLIVE | China | PCS | 67900.00 | 67900.00 | |

**ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.**

चावहिल–७, काठमाडौं, नेपाल

एक्जीम कोड नं. : ६०२४२६२६४०१४०NP, फोन नं. : ०१–४३७८५१७



## श्री अमर ज्योति (प्राविधिक) माध्यमिक विद्यालय

ताादी गाउँपालिका

खरानीटार, नुवाकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/१९)

यस विद्यालयबाट मिति २०८२/११/२९ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा Construction of Shree Amarjyoti (Technical) Secondary School (Canteen Block) (Phase 5) सम्बन्धी ठेक्का 01-AMARJYOTI-082/83 को प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | भ्याट र पी.एस. सहित कबोल अंक रु |
|---|---|---|---|---|
| 1 | 01-AMARJYOTI-082/83 | Construction of Shree Amarjyoti (Technical) Secondary School (Canteen Block) (Phase 5) | श्री न्यु बोगटी बिल्डर्स, विदुर १, त्रिशुली,नुवाकोट New Bogati Builders, Bidur-1, Trishuli, Nuwakot | ७६,४७,७१२.८४ |

प्रधानाध्यापक



## त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१९)

त्रियुगा नगरपालिकाको कार्यालयबाट प्रकाशित देहायको ठेक्काको निर्धारित समयभित्र रितपुर्वक रूपमा पेश भएको बोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम र सारभूत रूपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | बोलपत्रको नाम | बोलपत्र विवरण | बोलपत्रदाताको विवरण | कबोल रकम (भ्याट र पिएस सहित) |
|---|---|---|---|---|
| 1. | Construction of Triyuga Park, Tri.Na.Pa.-12, Udayapur. | 22-TM/UDA/2082/083 | Bhusnamchha Constructon, Triyuga-11 | 2,63,61,255.52 |

प्रमुख प्रशासकीय अधिकृत



पूर्वी चीनको शानडोङ प्रान्तको छिङदाओमा रहेको छिङदाओ प्रिस्कूल शिक्षा कलेजको कक्षामा गहना प्रशोधन सीपको अभ्यास गर्दै विद्यार्थी ।
*तस्बिर: सिन्ह्वा*

# इरान युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता



**न्युयोर्क–** सन् २०२६ को सुरुमा वित्तीय बजारले सामान्य प्रदर्शन देखाइरहेको थियो । तर इरानमा सुरु भएको युद्धले बजारलाई ठूलो अस्थिरता प्रदान गरेको छ । युद्धका कारण तेलको मूल्य तीव्ररूपमा बढेको छ भने पेट्रोलियम र डिजेलको मूल्यमा पनि अभूतपूर्व वृद्धि देखिएको छ ।

'ब्रेन्ट क्रुड' तेलको मूल्य सन् २०२२ को गर्मीयताकै पहिलोपटक एक ब्यारेलमा १०० डलरभन्दा माथि पुगेको छ । अमेरिकी बजारमा फेब्रुअरीको अन्त्यमा ग्यासको औसत मूल्य प्रतिग्यालन तीन डलरभन्दा कम थियो । तर युद्ध सुरु भएपछि देशभरि औसत मूल्य चार डलरभन्दा माथि पुगेको छ । डिजेलको मूल्य अझ बढी बढेर ५.४५ डलर प्रतिग्यालन पुगेको छ, जुन युद्धअघि ३.७६ डलर थियो । यसले अमेरिकी उपभोक्ताको दैनिक खर्चमा ठूलो वृद्धि गरेको छ ।

वित्तीय बजारमा सबैभन्दा ठूलो असर तेल मूल्यको वृद्धि र अनिश्चितताले पारेको छ । लगानीकर्ताहरू युद्ध चाँडै सकिन्छ कि लामो समयसम्म चल्ने डरमा बारम्बार आशा र चिन्तामा फेरबदल भइरहेका छन् । यसले अमेरिकी सेयर बजारमा दिनभरी तीव्र उतारचढाव ल्याएको छ ।

## सेयर बजारमा प्रभाव

सन् २०२६ को सुरुमा अमेरिकी सेयर बजारले विगत तीन वर्षको निरन्तर बढ्दो प्रवृत्ति देखाएको थियो । तर युद्धका कारण एसएण्डपी ५०० सूचकांकले करिब ४.६ प्रतिशतको गिरावट देखायो, जुन २०२२ पछिको सबैभन्दा कमजोर त्रैमासिक प्रदर्शन हो । टेक्नोलोजी कम्पनीहरूले भरिएको 'नास्डयाक कम्पोजिट सूचकांक' अक्टोबरको उच्चतम स्तरबाट १० प्रतिशतभन्दा बढी घट्यो । तेलसम्बन्धी कम्पनीका सेयरहरू सबैभन्दा राम्रो प्रदर्शन गरिरहेका छन् । यसमा मुख्यरूपमा एक्सन मोबिल, ओक्सिडेन्टल पेट्रोलियम र भ्यालेरो एनर्जीका सेयरहरू छन् । बजारले युद्ध चाँडो सकिने आशा र लामो खिचिने डरबीच उतारचढाव अनुभव गरिरहेको छ ।

## अनिश्चितता र भविष्यको अवस्था

भविष्यको स्थिति अनुमान गर्न गाह्रो छ । अमेरिकी राष्ट्रपति युद्ध अन्त्य गर्ने आशा व्यक्त गर्दै र इरानको ऊर्जा पूर्वाधारमा लक्षित धम्की दिँदै छन् । इरानीपक्षले वार्तामा प्रगति भएको दाबीलाई कम महत्त्व दिएको छ । इरानले हर्मुज स्ट्रेटमा नियन्त्रण कायम राखेको छ, जसबाट विश्वको तेलको पाँचौं भाग निकास हुन्छ । जबसम्म यो स्थिति कायम रहन्छ, तेल र सेयर बजारमा उतारचढाव निरन्तर रहने विश्लेषकहरूले बताएका छन् ।

विशेषज्ञहरूको भनाइअनुसार युद्धले अमेरिकी र विश्व अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ । तेल र पेट्रोलियम उत्पादनमा अस्थिरता, मुद्रास्फीति, ब्याजदरमा उतारचढाव र सेयरबजारमा अनिश्चितता जारी रहन सक्ने छ । *रासस/एपी*

# चन्द्रयात्राको नयाँ अध्याय: आर्टेमिस–२ तयारीमा



**केप क्यानभेरल (फ्लोरिडा)–** झण्डै पाँच दशकपछि मानवलाई पुनः चन्द्रमातर्फ पठाउने तयारीमा रहेको नासाको आर्टेमिस–२ मिसनले अन्तरिक्ष अन्वेषणमा नयाँ अध्याय खोल्ने संकेत दिएको छ । सन् १९७२ पछिको पहिलो मानवयुक्त चन्द्र उडानका रूपमा हेरिएको यस अभियानले प्रत्यक्ष अवतरण नगरे पनि भविष्यका चन्द्र अभियानका लागि महत्त्वपूर्ण आधार तयार गर्ने छ ।

अपोलो कार्यक्रमको झल्को दिने यो मिसनमा चार अन्तरिक्षयात्री चन्द्रमातर्फ प्रस्थान गर्ने छन् । उनीहरू चन्द्रमाको सतहमा अवतरण नगरी त्यसबाट हजारौं माइल टाढासम्म पुगेर फर्किने छन् । करिब १० दिनभन्दा कम अवधिको यो 'फ्लाइबाइ' उडानले चन्द्रमाको परिक्रमा नगरी पृथ्वीमा सीधा फर्कने योजना समेटेको छ ।

यस मिसनमा सहभागी अन्तरिक्षयात्रीहरू रिड वाइजम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी हयानसेन विविधता र अन्तर्राष्ट्रिय प्रतिनिधित्वका दृष्टिले विशेष मानिन्छन् । कोचले महिला अन्तरिक्षयात्रीमध्ये सबैभन्दा लामो एकल अन्तरिक्ष उडान (३२८ दिन) को कीर्तिमान बनाइसकेका छन् र पहिलो सर्वमहिला स्पेसवाकमा पनि सहभागी भएकी थिइन् । ग्लोभर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा बस्ने पहिलो अश्वेत अन्तरिक्षयात्रीमध्ये एक हुन् भने क्यानाडाका हयानसेन पहिलोपटक अन्तरिक्ष यात्रामा निस्कँदै छन् । वाइजम्यानले अनुभवी कमाण्डरका रूपमा टोलीको नेतृत्व गरिरहेका छन् ।

मिसनका लागि प्रयोग गरिने स्पेस लन्च सिस्टम (एसएलएस) रकेट अपोलो युगको स्याटर्न–५ भन्दा छोटो भए पनि प्रक्षेपण शक्तिका हिसाबले अझ शक्तिशाली मानिन्छ । यसको शीर्षमा ओरियन क्याप्सुल रहने छ, जसले अन्तरिक्षयात्रीहरू बोकेको हुने छ । तर प्रक्षेपणअघि केही प्राविधिक चुनौतीहरू पनि देखिएका छन् । हाइड्रोजन चुहावट र हिलियम प्रवाहसम्बन्धी समस्याले परीक्षणहरू प्रभावित पार्दै प्रक्षेपण समय तालिका केही पछि धकेलिएको छ ।

उडानपछि पहिलो २५ घण्टा अन्तरिक्षयात्रीहरूले पृथ्वीको उच्च कक्षामा परिक्रमा गर्ने छन् । त्यसपछि उनीहरूले भविष्यका चन्द्र अभियानका लागि आवश्यक डकिङ अभ्यास गर्ने छन् । सबै प्रक्रिया सफल भएमा ओरियनको मुख्य इञ्जिनले यानलाई करिब तीन लाख ९३ हजार किलोमिटर टाढा चन्द्रमातर्फ पठाउने छ । 'फ्रि–रिटर्न ट्राजेक्टोरी' प्रयोग गरिने यस उडानमा चन्द्र र पृथ्वीको गुरुत्वाकर्षणको सहायताले इन्धन बचत गरिने छ ।

उडानको छैटौं दिन यान पृथ्वीबाट सबैभन्दा टाढाको बिन्दुमा पुग्ने छ, जुन अपोलो–१३ को रेकर्डभन्दा पनि पर हुने छ । चन्द्रमाबाट करिब आठ हजार किलोमिटर टाढा पुग्दा अन्तरिक्षयात्रीहरूले चन्द्रमाको टाढाको भाग नजिकबाट अवलोकन गर्ने छन् । यो क्षेत्र मानव आँखाले प्रत्यक्ष हेर्न पाएको अत्यन्तै दुर्लभ अवसर हुने छ । टोलीले यस क्रममा व्यापक तस्बिरहरू खिच्ने तयारी गरेको छ, जसका लागि अत्याधुनिक क्यामरा र स्मार्टफोनहरू पनि साथमा लगिने छन् ।

नासाका खगोलविद् केल्सी यङले चन्द्रमालाई 'विश्वलाई जोड्ने साझा वस्तु' भन्दै यस मिसनले मानिसहरूलाई अझ नजिक ल्याउने विश्वास व्यक्त गरे । विशेषगरी चन्द्रमाको टाढाको भागबारे प्रत्यक्ष अवलोकनले वैज्ञानिक अनुसन्धानमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

मिसनको अन्त्य अपोलो कार्यक्रमजस्तै प्रशान्त महासागरमा स्प्ल्यासडाउनमार्फत हुने छ । पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्दा ओरियन क्याप्सुलको तातो ढाल सबैभन्दा महत्त्वपूर्ण पक्ष हुने छ, जसले सन् २०२२ को परीक्षण उडानमा कडा परीक्षा सामना गरेको थियो । यसपटक भने अवतरण प्रक्रियालाई छोटचाएर तापीय जोखिम घटाउने योजना बनाइएको छ ।

समग्रमा, आर्टेमिस–२ मिसनलाई चन्द्रमामा पुनः मानव उपस्थितिको मार्ग तयार गर्ने प्रारम्भिक तर निर्णायक कदमका रूपमा हेरिएको छ, जसले भविष्यमा चन्द्र अवतरण र दीर्घकालीन अन्तरिक्ष अभियानका लागि ढोका खोल्ने छ । *रासस/एपी*

# भारतमा इन्धन महँगियो, युद्धको असर देखिँदै




**नयाँदिल्ली–** मध्यपूर्वमा जारी युद्धको प्रभाव ऊर्जा बजारमा स्पष्ट देखिन थालेसँगै भारतले जेट इन्धन र व्यावसायिक एलपिजीको मूल्य बढाएको छ । यद्यपि, सरकारले सम्भावित तीव्र मूल्यवृद्धिलाई आंशिकरूपमा सीमित गर्दै उपभोक्तालाई केही राहत दिने प्रयास गरेको जनाएको छ ।

भारतको पेट्रोलियम मन्त्रालयका अनुसार उड्डयन टर्बाइन इन्धन (एटिएफ) को मूल्य राजधानी दिल्लीमा ८.५ प्रतिशतले बढाइएको छ र अन्य प्रमुख सहरहरूमा पनि यस्तै वृद्धि गरिएको छ । एटिएफ हवाई सेवा सञ्चालनको प्रमुख लागत भएकाले यसको मूल्यवृद्धिले हवाई भाडामासमेत प्रभाव पार्न सक्ने बताइएको छ ।

मन्त्रालयले मध्यपूर्व युद्धका कारण विश्व ऊर्जा बजारमा असाधारण अवस्था सिर्जना भएको र विशेषगरी स्ट्रेट अफ हर्मुजमार्फत हुने तेल तथा ग्यास आपूर्ति प्रभावित भएको उल्लेख गरेको छ । यस्तो परिस्थितिमा एटिएफको मूल्य १०० प्रतिशतभन्दा बढीले बढ्ने अनुमान गरिएको थियो । तर सरकारले आन्तरिक हवाई यात्रामा प्रत्यक्ष असर कम गर्न 'आंशिक र सीमित' रूपमा करिब २५ प्रतिशतमात्र मूल्य समायोजन गरिएको जनाएको छ ।

यसैबीच अन्तर्राष्ट्रिय उडानतर्फ भने पूर्ण मूल्यवृद्धिको प्रभाव लागू हुने बताइएको छ, जसअनुसार विदेशी गन्तव्यमा उडान गर्ने विमानहरूले बढेको इन्धन लागत पूरै वहन गर्नुपर्ने छ । व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को मूल्य पनि बढाइएको छ । दिल्ली, कोलकाता, मुम्बई र चेन्नईमा १९ किलोग्रामको ग्यास सिलिण्डरको मूल्य करिब २०० भारतीय रूपैयाँले वृद्धि गरिएको छ ।

भारत विश्वको चौथो ठूलो एलएनजी आयातकर्ता र दोस्रो ठूलो एलपिजी खरिदकर्ता हो, जसले मुख्यरूपमा मध्यपूर्वबाट आपूर्ति लिन्छ । यसैले त्यहाँको द्वन्द्वले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

तर यसपटकको मूल्य समायोजनमा घरेलु प्रयोजनका एलपिजीको मूल्य भने यथावत् राखिएको छ, जसले सामान्य उपभोक्तालाई तत्काल थप भार नपर्ने संकेत दिएको छ । *रासस/एएफपी*

# भारतमा जनगणना सुरु, नीति र राजनीति दुवैमा ठूलो प्रभाव पर्ने संकेत



**नयाँदिल्ली–** लामो समयदेखि स्थगित हुँदै आएको भारतको राष्ट्रिय जनगणना अन्ततः सुरु भएको छ । यसपटकको जनगणनाले देशको जनसांख्यिक वास्तविकतालाई नयाँ ढंगले उजागर गर्दै कल्याणकारी कार्यक्रमदेखि राजनीतिक संरचनासम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ । विश्वकै सबैभन्दा ठूलो जनसंख्या गणनाका रूपमा हेरिएको यस अभियानले एक अर्ब ४० करोडभन्दा बढी मानिसको विवरण संकलन गर्ने लक्ष्य राखेको छ ।

यसअघि सन् २०११ मा गरिएको जनगणनाले भारतको जनसंख्या एक अर्ब २१ करोड रहेको देखाएको थियो । अहिले भने यो संख्या एक अर्ब ४० करोड नाघिसकेको अनुमान गरिएको छ, जसले भारतलाई विश्वकै सबैभन्दा बढी जनसंख्या भएको देशको रूपमा स्थापित गरेको छ । सन् २०२१ मै सुरु गर्ने योजना भए पनि कोभिड–१९ महामारी र व्यवस्थापकीय चुनौतीका कारण जनगणना स्थगित हुँदै आएको थियो ।

नयाँ जनगणनाको पहिलो चरण बुधबारदेखि सुरु भई सेप्टेम्बरसम्म सञ्चालन हुने छ । यस अवधिमा खटाइएका कर्मचारीहरूले घरपरिवारको अवस्था, उपलब्ध सुविधा तथा आवाससम्बन्धी विवरण संकलन गर्ने छन् । यसपटक परम्परागत घरदैलो सर्वेक्षणसँगै डिजिटल प्रविधिको प्रयोगलाई पनि जोड दिइएको छ । बहुभाषी स्मार्टफोन एपमार्फत नागरिकहरूले स्वयं पनि आफ्नो विवरण पेस गर्न सक्ने छन्, जसमा उपग्रहआधारित म्यापिङ प्रणालीसमेत समावेश गरिएको छ ।

दोस्रो चरण सेप्टेम्बरदेखि आगामी अप्रिल १ सम्म सञ्चालन हुने छ, जसमा व्यक्तिको सामाजिक र आर्थिक अवस्थासहित धर्म र जातिसम्बन्धी विस्तृत विवरण संकलन गरिने छ । यस अभियानमा करिब ३० लाख सरकारी कर्मचारी परिचालन हुने अनुमान गरिएको छ । तुलना गर्दा, सन् २०११ मा करिब २७ लाख गणनाकर्ताले २४ करोडभन्दा बढी घरपरिवारको सर्वेक्षण गरेका थिए ।

यसपटकको जनगणनाको सबैभन्दा संवेदनशील पक्ष भनेको जातिगत विवरणको व्यापक संकलन हो । भारतमा जाति प्रणाली ऐतिहासिकरूपमा गहिरो सामाजिक संरचनासँग जोडिएको छ, जसले शिक्षा, रोजगारी र आर्थिक अवसरमा पहुँच निर्धारण गर्ने गरेको छ । यद्यपि देशमा विभिन्न जाति समूहहरूको यथार्थ जनसंख्या कति छ भन्ने विषयमा अद्यावधिक तथ्यांक अभाव छ । अन्तिमपटक सन् १९३१ मा, औपनिवेशिक शासनकालमा, विस्तृत जातिगत गणना गरिएको थियो ।

स्वतन्त्रतापछि सन् १९५१ देखि भारतले केवल अनुसूचित जाति र जनजाति (अर्थात् दलित र आदिवासी समुदाय) को मात्र गणना गर्दै आएको थियो । पूर्णजातिगत गणनाले सामाजिक तनाव बढाउन सक्ने आशंका व्यक्त गर्दै अघिल्ला सरकारहरूले यसलाई टार्दै आएका थिए । तर अहिलेको प्रयासले नीति निर्माणका लागि आवश्यक यथार्थपरक तथ्यांक उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

जनगणनाबाट प्राप्त तथ्यांकले भारतको राजनीतिक संरचनामा पनि प्रत्यक्ष असर पार्न सक्छ । जनसंख्या वृद्धिलाई आधार बनाएर संसद्को तल्लो सदन र राज्य विधानसभाहरूमा सिट संख्या पुनःनिर्धारण गरिन सक्छ । सन् २०२३ मा पारित कानुनअनुसार महिलाका लागि एकतिहाइ सिट आरक्षित गरिएको छ, त्यसैले सिट विस्तार भएमा महिला प्रतिनिधित्व पनि स्वतः बढ्ने छ । *रासस/एपी*

# जैविक विविधतामा चीनको नयाँ उपलब्धि

**बेइजिङ–** चिनियाँ तथा अन्तर्राष्ट्रिय वैज्ञानिकहरूको एक टोलीले चीनको भूभागलाई विश्वकै नयाँ जैविक विविधता 'हटस्पट' (महत्त्वपूर्ण क्षेत्र) का रूपमा मान्यता दिन प्रस्ताव गरेको छ । यसले उक्त क्षेत्रको असाधारण वनस्पति विविधता र संरक्षणको आवश्यकतालाई उजागर गर्ने अपेक्षा गरिएको छ ।

उक्त अध्ययन चिनियाँ विज्ञान एकेडेमीअन्तर्गतको वनस्पति संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा अस्ट्रेलिया र बेलायतका वैज्ञानिकहरूको सहकार्यमा गरिएको हो । अध्ययन मंगलबार प्रतिष्ठित वैज्ञानिक जर्नलमा प्रकाशित भएको छ ।

अनुसन्धानअनुसार करिब १५.४ लाख वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा १४ हजारभन्दा बढी वनस्पति प्रजाति पाइन्छन् । यद्यपि, मूल वनस्पतिको करिब सात प्रतिशतमात्र बाँकी रहे पनि यहाँ दुई हजार २४ भन्दा बढी स्थानिक वनस्पति प्रजाति भेटिएका छन्, जुन हटस्पटका लागि आवश्यक मापदण्डभन्दा निकै माथि हो ।

यी आधारमा अनुसन्धान टोलीले यस क्षेत्रलाई विश्वको ३७औं जैविक विविधता हटस्पट घोषणा गर्न औपचारिक प्रस्ताव गरेको छ । यदि मान्यता प्राप्त भयो भने यो चीनको पाँचौं यस्तो क्षेत्र बन्ने छ ।

अनुसन्धानकर्ताहरूले यस मान्यताले संरक्षण प्रयासलाई सुदृढ बनाउने, संरक्षित क्षेत्रहरूको योजना बनाउन सहयोग गर्ने तथा अन्तर्राष्ट्रिय समर्थन आकर्षित गर्ने आशा व्यक्त गरेका छन् । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९७६०० | प्रति तोला - ० | प्रति तोला - ४९४५ |



**उद्धार उडान** | मध्यपूर्वमा जारी युद्धमा प्रभावित नेपालीहरुलाई लिएर बुधबार रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको कुवेत एयरको विमान । *तस्बिर : रासस*

# गौतमबुद्ध विमानस्थलमा उडान विस्तारको तयारी

**भैरहवा (रूपन्देही)**– गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने लक्ष्यसहित उडान विस्तार र अन्तरराष्ट्रिय वायुसेवा कम्पनी आकर्षित गर्ने नयाँ रणनीति अघि सारिएको छ । विमानस्थल व्यवस्थापनले आगामी हिउँदे तालिकादेखि अन्तरराष्ट्रिय उडान संख्यामा उल्लेख्य वृद्धि गर्ने तयारी थालिएको जनाएको हो ।

विमानस्थलका महाप्रबन्धक श्यामकिशोर साहका अनुसार हाल सीमित रूपमा सञ्चालन भइरहेको अन्तरराष्ट्रिय उडानलाई व्यवस्थित गर्दै नियमितता दिन विशेष पहल भइरहेको छ । 'हामी गर्मीयामको तालिकादेखि उडान संख्या बढाउने लक्ष्यसहित वायुसेवा कम्पनीहरूसँग समन्वय गरिरहेका छौं', उनले भने ।

हालसम्म थाई एयर एसियाको उडानमार्फत बौद्ध धर्मावलम्बीलाई लक्षित सेवा दिँदै आइएको थियो । पछिल्लो हिउँदे तालिकामा सातामा दुई दिन सञ्चालन गरिएको उक्त उडानलाई आगामी याममा थप विस्तार गर्ने तयारी भइरहेको विमानस्थल प्रशासनले जनाएको छ । लुम्बिनी-गयाजस्ता बौद्ध सर्किटलाई जोड्ने उडान विस्तारले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

विमानस्थलको प्रभावकारी उपयोगका लागि 'फिफ्थ फ्रिडम' उडान अवधारणा अघि सारिएको विमानस्थलका महाप्रबन्धक साहले उल्लेख गरे । यस व्यवस्थाअनुसार विदेशी वायुसेवा कम्पनीले भैरहवालाई ट्रान्जिट विन्दु बनाउँदै तेस्रो मुलुकसम्म उडान सञ्चालन गर्न सक्नेछन् । उदाहरणका रूपमा कतार एयरवेजजस्ता वायुसेवाले दोहा-भैरहवा-तेस्रो देश र पुनः सोही मार्गमार्फत उडान सञ्चालन गर्न सक्ने सम्भावना रहेको उनले बताए ।

यस सम्बन्धमा नेपाल नागरिक उ•यन प्राधिकरणले आवश्यक नीतिगत तथा प्राविधिक तयारी अघि बढाइएको जनाएको छ । सरकारी तहबाट शीघ्र आवश्यक निर्णय हुने अपेक्षा रहेको महाप्रबन्धक साहले बताए । 'अहिले पनि कतार एयरवेजले कतारबाट नभई अन्य मुलुकबाट उडान गरिरहेको छ, हामीले कतार एयरवेजलाई भैरहवाबाट नै 'फिफ्थ फ्रिडम' अनुरूप उडान गर्नेगरी तयारी गरिरहेका छौँ', उनले भने, 'यस विषयमा शीघ्र मन्त्रिपरिषद्ले निर्णय गर्नेमा हामी विश्वस्त छौँ ।'

उडान संख्या वृद्धि गर्ने अर्को महत्वपूर्ण योजनाअन्तर्गत नेपाल वायुसेवा निगमको एउटा जहाज भैरहवामा 'बेस' राख्ने तयारी गरिएको विमानस्थलका महाप्रबन्धक साहले जानकारी दिए । यसले यहाँबाट अन्तरराष्ट्रिय उडान सञ्चालनलाई नियमित र भरपर्दो बनाउन सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

रूपन्देही निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य कन्हैया बनियाँले अबको केही दिनमा नेपाल एयरलाइन्सले भैरहवालाई बेस बनाएर उडान गर्ने बताए । *रासस*

## कर्पोरेट

### थ्रिजी सेवा बन्द गर्दै टेलिकम सिम फोरजीमा रूपान्तरण गर्न अनुरोध





**काठमाडौं (प्रस)**– नेपाल टेलिकमले निकट भविष्यमा थ्रीजी सेवा क्रमिक रूपमा बन्द गर्दै थ्रीजी सेवालाई फोरजीमा क्रमशः रूपान्तरण गर्ने कार्य अघि बढाएको छ । यस अनुसार थ्रीजी सिम प्रयोग गरिरहेका ग्राहकलाई सिम परिवर्तनका लागि भ्वाइस कल तथा एसएमएस मार्फत जानकारी गराइएको छ ।

सम्बन्धित ग्राहकहरूले आफ्नो पुरानो सिमलाई फोरजी सिममा निःशुल्क रूपान्तरण गर्न सक्नेछन् । यसका लागि ग्राहकले पायक पर्ने नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्न सक्नेछन् ।

फोरजीमा परिवर्तन गर्न ग्राहकले नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्रलगायत आफ्नो पहिचान खुल्ने कुनै आधिकारिक परिचयपत्रहरू देखाएर नयाँ फोरजी सिम लिन सक्नेछन् ।

नेपाल टेलिकमले थ्रीजी प्रयोगकर्तालाई फोरजीमा रूपान्तर गर्ने कार्यलाई तीव्र बनाएको छ । थ्रीजी भन्दा फोरजी प्रविधिको सिम चलाउँदा मोबाइल इन्टरनेटको गति र सेवाको गुणस्तरमा सुधार हुने भएकाले यसबाट ग्राहकलाई फाइदा हुने कम्पनीको विश्वास छ ।

### एनसेलले दैनिक १०० एमबी निःशुल्क डेटा दिँदै




**काठमाडौं (प्रस)**– एनसेलले ग्राहकका लागि एनसेल एपमार्फत दैनिक १०० एमबी निःशुल्क डेटा पाइने अफर संचालनमा ल्याएको छ । यसका साथै ग्राहकले हरेका हप्ता आकर्षक डेटा भोल्युम पुरस्कार स्वरूप जित्न सक्छन् । ग्राहक अनुभव अभिवृद्धि र डिजिटल प्रयोगलाई प्रोत्साहन गर्ने आफ्नो प्रतिबद्धता बमोजिम कम्पनीले यो अफर संचालनमा ल्याएको हो । यस अफरअन्तर्गत सबै एनसेल ग्राहकहरूले हरेक दिन एनसेल एपको बाई प्याक मेनुमा गई १०० एमबी निःशुल्क डेटा सक्रिय गर्न सक्छन् । यसले ग्राहकलाई एपका विभिन्न सुविधाहरू प्रयोग गर्दै सधैं कनेक्टेड रहन मद्दत गर्दछ । यो अफरको उद्देश्य ग्राहकलाई आधारभूत ग्राहक सेवा भन्दा बाहिर गएर डिजिटल जीवनशैली अपनाउन प्रेरित गर्नु हो ।

एनसेल एप डिजिटल माध्यमबाट सजिलै विभिन्न ग्राहक सेवाहरू लिन सकिने एक प्लेटफर्म हो जसले रिचार्ज सेवा, डेटा तथा भ्वाइस प्याक खरिद, अन्य विभिन्न सेवालगायत गेमहरू एकै ठाउँमा उपलब्ध गराउँछ । सहज र छिटो पहुँचमार्फत ग्राहकहरूले यस एपबाट सहज रूपमा ग्राहक सेवाहरू लिन सक्छन् ।

ग्राहक संलग्नता थप बढाउन एनसेलले 'प्ले एन्ड वीन' अफर पनि ल्याएको छ, जसअन्तर्गत ग्राहकहरूले साप्ताहिक रूपमा एपमा आधारित गतिविधिहरूमा सहभागिता जनाएर ५० जीबीसम्म डेटा जित्न सक्छन् । प्रयोगकर्ताहरूले दैनिक रूपमा एपमा गई स्पीन द ह्वील, म्याथ च्यालेन्ज, एनसेल रनर, स्क्राच एन्ड वीन जस्ता गेमहरूमामा संलग्न भई आफ्नो अंकहरू संकलन गर्न सक्छन् ।

उत्कृष्ट १ देखि १० जना ग्राहकहरूले जनही ५० जीबी डेटा प्राप्त गर्नेछन् भने ११ देखि ६० स्थानसम्मका ग्राहकहरूले १० जीबी, ६१ देखि १६० स्थानसम्मका ग्राहकहरूले ५ जीबी, १६१ देखि ४१० स्थानसम्मका ग्राहकहरूले १ जीबी, ४११ देखि ९१० स्थानसम्मका ग्राहकहरूले ५०० एमबी र ९११ देखि ३,४१० स्थानसम्मका ग्राहकहरूले जनही १०० एमबी डेटा पुरस्कार प्राप्त गर्नेछन् ।

### जेडटिईको गेमिङ स्मार्टफोन रेड म्याजिक-११ प्रो नेपालमा

**काठमाडौं (प्रस)**– ग्लोबल टेक जाएन्ट जेडटिईले आफ्नो नयाँ गेमिङ फ्ल्यागशिप स्मार्टफोन जेडटिई रेड म्याजिक ११ प्रो नेपाली बजारमा सार्वजनिक गरेको छ । यो अहिलेसम्मकै हाइएस्ट रेटेड गेमिङ फोन





हो । जेडटिईको हाइ पर्फर्मेन्स नुबिया रेड म्याजिक सिरिजअन्तर्गत पर्ने यो गेमिङ स्मार्टफोन नेपालमा तीव्र रूपमा बढ्दै गएको मोबाइल गेमर तथा पावर प्रयोगकर्ताहरूलाई लक्षित गरी डिजाइन गरिएको हो, जसले उत्कृष्ट पर्फर्मेन्स, इमर्सिभ डिस्प्ले प्रविधि र लामो समय टिक्ने ब्याट्री क्षमता प्रदान गर्दछ। यस गेमिङ फोनको आगमनसँगै विश्वव्यापी रूपमा परिचित रेड म्याजिक गेमिङ ब्रान्ड नेपालमा पहिलो पल्ट औपचारिक रूपमा प्रवेश गरेको छ ।

जेडटिईको नुबिया लाइन-अप अन्तर्गतको प्रिमियम गेमिङ सब-ब्रान्ड रेड म्याजिकले एड्भान्स्ड कुलिङ सिस्टम, हाइ रिफ्रेस रेट डिस्प्ले र पर्फर्मेन्स-केन्द्रित इन्जिनियरिङ सहित विशेष रूपमा तयार गरिएका गेमिङ स्मार्टफोनहरू प्रदान गर्दै ई-स्पोर्ट्स र मोबाइल गेमिङ क्षेत्रमा बलियो विश्वव्यापी प्रतिष्ठा निर्माण गरेको छ ।

अहिलेसम्मकै हाइएस्ट रेटेड गेमिङ फोन भनिएको जेडटिई रेड म्याजिक ११ प्रोले हाइ पर्फर्मेन्स चाहने गेमरहरूका लागि हार्डवेयर र सफ्टवेयरको शक्तिशाली संयोजन प्रस्तुत गर्दछ। स्न्यापड्रागन ८ एलीट जेन ५ प्रोसेसर, १६ जिबी र्‍याम र ५१२ जिबी स्टोरेज भएको यस गेमिङ स्मार्टफोनले हेभी प्रयोग गर्नुपर्ने अवस्थाहरूमा पनि सहज मल्टिटास्किङ र अत्यन्त स्मूथ गेम प्ले सुनिश्चित गर्दछ । नेपालमा तीव्र रूपमा विस्तार भइरहेको मोबाइल गेमिङ इको-सिस्टमको लागि यस जेडटिई रेड म्याजिक ११ प्रो गेमरहरूको निर्विकल्प छनोट हुने कम्पनीले विश्वास लिएको छ ।

### खातामा प्यान नम्बर र इमेल अद्यावधिक गर्न एनआइसी एसियाको अनुरोध




**काठमाडौं (प्रस)**– एनआईसी एशिया बैंकले आफ्ना ग्राहक महानुभावहरूलाई आफ्नो खातामा स्थायी लेखा नम्बर र ईमेल ठेगाना अद्यावधिक गर्न अनुरोध गरेको छ । बैंकका ग्राहकको खाताबाट गरिएको करकट्टीको विवरण 'आयकर ऐन २०५८' बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आवद्ध गर्नुपर्ने भएकोले ग्राहकले बैंकको पोर्टल वा मोबाइल बैंकिङ एप मा रहेको 'प्यान अपडेट' मा ट्याप गरी आफ्नो प्यान यथाशीघ्र अद्यावधिक गर्न सक्नेछन् । साथै, ग्राहकले आफूलाई पायक पर्ने यस बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा प्यान अद्यावधिक गर्नको लागि आवेदन दिन सकिने प्रबन्ध मिलाइएको छ ।

यस बैंकबाट निक्षेपकर्ताको ब्याज भुक्तानी वापत काटिएको करलाई इटिडिएस रेकर्डमा जनाउनको लागि प्यान अत्यावश्यक रहेको छ । उक्त प्यान अद्यावधिक भएपश्चात् निजहरूको करकट्टीको विवरण (इटिडिएस) सो प्यानमा प्रविष्ट गरिने हुँदा आयकरको प्रणालीले स्वचालित रूपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्ने गर्दछ ।

साथै, यस बैंक ग्राहकलाई आफ्नो खातामा ईमेल ठेगाना समेत अद्यावधिक गर्न अनुरोध गर्दछ । साथै ग्राहकले आफूलाई पायक पर्ने यस बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा ईमेल ठेगाना अद्यावधिक गर्नको लागि आवेदन दिन सकिने प्रबन्ध मिलाइएको छ ।

### नबिल बैंकको अविमोच्य असञ्चिति अग्राधिकार सेयरको धितोपत्रको दोस्रो बजारमा कारोबार



**काठमाडौं (प्रस)**– नबिल बैंकको 'नबिल ८ प्रतिशत अविमोच्य असञ्चिति अग्राधिकार सेयर'को धितोपत्रको दोस्रो बजारमा कारोबार सुरु भएको छ । प्रति सेयर अंकित मूल्य १०० रूपैयाँ रहेको चुक्ता मूल्य पाँच अर्ब रूपैयाँ भएको पाँच करोड कित्ता सेयरको सोमबारदेखि कारोबार सुरु भएको हो । धितोपत्रको दोस्रो बजारमा कारोबार हुने यस प्रकारको अविमोच्य असञ्चिति अग्राधिकार सेयर संस्थागत लगानीकर्ताबीच मात्रै खरिद बिक्री हुनेछ । साथै सर्वसाधारण लगानीकर्ता, नेपाल धितोपत्र बोर्डबाट अनुमतिप्राप्त धितोपत्र व्यवसायी (धितोपत्र दलाल व्यापारी, मर्चेन्ट बैंकर लगायत) र सामूहिक लगानी कोषले यो अग्राधिकार सेयर खरिद बिक्री गर्न नपाउने व्यवस्था छ ।

नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्डले अविमोच्य असञ्चिति अग्राधिकार सेयरसम्बन्धी नीतिगत व्यवस्था गरेपश्चात, यस किसिमको अग्राधिकार सेयर जारी गर्ने स्वीकृति नेपाल धितोपत्र बोर्डबाट पहिलोपटक नबिल बैंकले प्राप्त गरेको थियो । उक्त उपकरण जारी गरेपश्चात अतिरिक्त प्राथमिक पुँजीका माध्यमबाट पुँजीगत आधार बलियो भई बैंकको जोखिम वहन गर्ने क्षमता बढ्ने र व्यवसाय विस्तारमा थप सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

नबिल बैंकले देशभर २६८ शाखा सञ्जालसहित ३१८ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । बैंकले २५ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आफ्ना सबै सरोकारवालासँग मिलेर सँगै अघि बढ्ने विश्वास राखेको छ । चार दशकदेखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले पछिल्लो समयमा दिगो बैंकिङको अवधारणालाई आत्मसाथ गर्दै डिजिटल बैंकिङका लागि एनबैंक सञ्चालनमा ल्याएको छ ।

# हेटौंडा सिमेन्टमा पुनः उत्पादन सुरू

**मकवानपुर (प्रस)**– हेटौंडा सिमेन्ट उद्योगको आगो बाल्ने भट्टीको उपकरण बिग्रेपछि उत्पादन तत्कालै सो उपकरणको मर्मत गरेर बुधबाट सिमेन्ट पुनः उत्पादन सुरु गरिएको उद्योगको व्यवस्थापनले जनाएको छ ।

उद्योगको व्यवस्थापनले गत चैत १४ गतेबाट करिब सात महिनापछि सिमेन्टको उत्पादन सुरु गरिएलगत्तै चैत १५ गते अपराह्न आगो बाल्ने भट्टी कोलमिलको केही उपकरणमा बिग्रेर भट्टी बन्द गर्नुपरेको थियो ।

उद्योगको कोलमिलमा गएराति कोइला ढुवानी गरी आगो बालिएको थियो । उक्त उद्योगले सिमेन्टको धुलो उत्पादन गर्ने क्लिङ्करको उत्पादन कार्य सोमबारदेखि सुरु गरिएको जनाइएको छ ।

उद्योगमा सिमेन्ट उत्पादन गर्ने कार्य नियमित आगामी दुई महिनासम्म पुग्ने कोइला जगेडामा राखिएको जनाउँदै बाँकी नपुग कोइला खरिद गर्न उद्योग व्यवस्थापनले बोलपत्र आह्वान गरिसकेको हेटौंडा सिमेन्ट उद्योग प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार उद्योगका लागि आवश्यक कच्चा पदार्थ कोइला खरिद गर्न तत्काल आर्थिक सङ्कटको भार व्यहोर्नुपरेकाले सिमेन्ट उत्पादनमा अवरोध उत्पन्न हुँदै आएको हो । उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा रहेको जनाउँदै उनले अहिले विभिन्न उपकरण जीर्ण भएकाले दैनिक ११ हजार बोरामात्र उत्पादन हुने गरेको उल्लेख गरे ।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा तत्कालीन श्री ५ को सरकारले हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहबाट विसं २०४३ मङ्सिर २६ गते उक्त उद्योगबाट उत्पादन हुने सिमेन्टको व्यावसायिक सुरुवात गरेका थिए ।

तत्कालीन सरकारले हेटौंडा सिमेन्ट उद्योगका लागि रु एक अर्ब ५० करोड लागतमा निर्माण सम्पन्न गरिएको थियो । उक्त उद्योगबाट उत्पादित सिमेन्ट काठमाडौं, नेपालगञ्ज, पोखरा, हेटौंडा, वीरगन्जलगायत विभिन्न सहरका उपभोक्तालाई बिक्रीवितरण गर्दै आइएको छ ।

# नेप्से परिसूचकमा ७४ अंकको गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ७४ दशमलव ७३ अंकले घटेर दुई हजार ७७६ दशमलव ३६ को बिन्दुमा कायम भएको छ । यो दुई दशमलव ६२ प्रतिशतको गिरावट हो ।

मंगलबार ३४७ कम्पनीको तीन करोड दुई लाख ९२ हजार ४५२ कित्ता सेयर एक लाख २३ हजार ७३० पटक खरिदबिक्री हुँदा रू १२ अर्ब १० करोड ९५ लाख २५ हजार ५६१ बराबरको कारोबार भएको छ ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैंकिङ दुई दशमलव ३१, विकास बैंक तीन दशमलव १८, वित्त तीन दशमलव शून्य तीन, होटल तथा पर्यटन दुई दशमलव १२, जलविद्युत् दुई दशमलव ८१, लगानी दुई दशमलव ६७ र जीवन बिमा दुई दशमलव शून्य दुई प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३९, लघुवित्त एक दशमलव ९९, म्युचुअल फण्ड शून्य दशमलव ९७, निर्जीवन




बिमा दुई दशमलव २२, व्यापार तीन दशमलव ९६ र अन्य समूह पाँच दशमलव २६ प्रतिशतले घटेको छ ।

कारोबारमा रिलाइन्स स्पिनिङ मिल्स लिमिटेड र सुपर खुदी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्य नौ दशमलव ८४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइस्योरेन्स लिमिटेडको रू ७१ करोड ३१ लाख २६ हजार ६४४ बराबरको कारोबार भएको छ भने कारोबार भएका सेयर सफ्याका आधारमा कुमारी बैंक लिमिटेडको १८ लाख ८२ हजार २०९ बराबरको कारोबार भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ